## अध्याय एक

## अध्ययनको परिचय

### १.१ अध्ययनको पृष्ठभूमि

कुनै पनि अनुसन्धानको कार्यलाई अगाडि बढाउनका लागि विषयवस्तुहरूसंग सम्वन्धित तथ्यहरूको आधारमा अध्ययन गरिएको हुन्छ । यसरी गरिने अनुसन्धान समयको परीवर्तनसंगै बदलिदै जान्छ । नेपालमा महिलाको स्थितिलाई हेर्ने हो भने समय अनुकूल परिवर्तन हुंदै आएको देखिन्छ । नेपालको आधा आकाश ओगटेका महिलाहरू सामाजिक, आर्थिक तथा सास्कृतिक रूपमा पिछडिएका छन् । हिन्दू धर्म दर्शन अनुसार नेपाली समाज पुरूष प्रधान समाज हो जहाँ महिलालाई परिवार र समाजबाट अवहेलना गर्ने गरेको पाइन्छ । नेपालमा हिन्दू होस् या गैर हिन्दू यहाँ पितृसत्तात्मक परिवार रहेको पाइन्छ । तापनि सबै समूदायमा महिलाहरूको स्तर एकैनासको छैन र उनीहरूको स्थितिलाई दोश्रो दर्जामा राखिएको पाइन्छ (अधिकारी) ।

वि.सं. २०६८ को जनगणना अनुसार २ करोड ६४ लाख ९४ हजार ५३४ मध्ये महिला ५१.५३ % वा (१,३६,४५,४६३) लैंगिक अनुपात प्रति महिलामा पुरूषको संख्या ९४.६ रहेको छ । एकल महिलमाहरूको जनसंख्या कूल महिलाको ४.६१ % (४,९८,६०६) महिला परिवारमुली २५.७३ %, घर वा आवासिय इकाइको स्वामित्व १९.७१ % रहेको छ । (राष्ट्रिय जनगण्ना २०६८) समाजले उभ्याएको पाइन्छ ।

श्रीमान् भनेको भगवान हो, उसको मृत्यूपछि सम्पूर्ण श्रृङ्गारिक वस्तुहरूलाई त्यागी सेतो वश्त्र धारण गर्दै नयाँ पहिचानमा देखा पर्नुपर्ने छोरी, बुहारी, आमा अनि कसैको मृत्यूमा विधवा बनेर जन्मनुपर्ने कठीन अवस्था वा“मृत्यूबाट जन्मिनेहरू” (थापा,२०६२) भनेमा फरक पर्दैन । परिवार र समाजबाट अपहेलित हुनुपर्ने, आर्थिक भार बहन गर्नुपर्ने, उमेर हुँदा यौन पिपासुहरूको कुदृष्टि सहनुपर्ने हुन्छ। उनीहरूलाई समाजले नकारात्मक दृष्टिले हेर्ने गर्दछ । बोक्सीको आरोप खेप्नुपर्दछ । एकातिर यौन दुर्व्यवहारका टिका टिप्पणीहरू,अर्कातिर न्यूनतम शिक्षा, तालिम तथा जागीरको पँहुचका कारण बेसहारा जीन्दगी Women for Human Rights (WHR,2009) का अनुसार नेपाली समाजमा विधवा महीला भन्नाले विवाह पछि श्रीमतिभन्दा श्रीमानको मृत्यू पहिला भएमा विधवा र महिलाको मृत्यू श्रीमानको भन्दा अगाडि भएमा सौभाग्यवती भनेर चिनिन्छ। तर हाल एकल

महिला भित्र श्रीमानले छोडेका पारपाचुके गरेका, विवाह नगरी ३५ वर्ष उमेरसम्म बसेका, श्रीमान् हराएका र श्रीमान्संग सम्बन्ध विच्छेद नगरी छुट्टै बसेका महिलाहरूलाई बुझाउँदछ। यो शोधपत्र विधवा महिलाहरूप्रति केन्द्रीत रहनेछ ।

कुनै पनि परिवारमा मूख्य व्यक्तिको मृत्यू भएको अवस्थामा उसबाट आश्रीत परिवारको अवस्था अत्यन्तै दर्दनाक भै बच्चाको लालनपालन, शिक्षा, स्वास्थ्य एवम् सामाजिक जिम्मेवारी विधवाले नै बहन गर्नुपर्छ । विधवाहरूलाई मंगलकार्यमा अशुभ ठान्ने, मानसिक रूपमा आफूलाई धिक्कार्ने, सौभाग्यको प्रतिक रातो चुरा, सिंदुर पोते त्याग्नुपर्ने, पति मरेको दोष उसले पाउनु पर्ने, नाता प्रमाणित कसैले नगरिदिने जस्ता विषयबस्तुहरूले समाजलाई अगाडि बढ्नबाट रोकेको छ (अधिकारी) ।

विधवा भन्ने परिपाटी कहिलेदेखि शुरू भएको हो र यो के आधारमा महिलाभित्र पनि वर्गीकरण गरिएको हो अहिलेसम्म पनि विभिन्न विज्ञ तथा समाजशास्त्रीहरूले ठम्याउन सकेका छैनन् । तै पनि श्रीमानको मृत्यू पश्चात महिलाको पहिचान बनाउन पनि विधवा भन्ने परम्परा बसेको पाइन्छ । नेपाली समाजमा परापूर्व कालमा श्रीमानको मृत्यू पश्चात सती जाने प्रथा थियो। जव सती प्रथाको अन्त्य भयो तव श्रीमान नभएका महिलाहरूलाई कसरी बसमा राख्ने भन्ने सोचले पनि विधवा महिलाका लागि अनकौं गर्न हुने र नहुने कार्यहरूको थालनी भएको जनमानसमा विश्वास छ। विधवा शब्द वैदिक भाषाबाट शुरू भएको हो । पछि गएर इण्डो-युरोपियन भाषा भएको मान्यता छ । ल्याटिन भाषामा विदवा, इटलियनमा बदवा, स्पेनिसमा विउदा, फ्रेन्चमा वँड, रसियनमा विदोला, जर्मनमा वितुवा, पर्सियनमा वंवा भन्ने प्रचलन छ । त्यस्तै नेपालमा विधवा वा विधुवी र मैथिली समाजमा राँडी जुन नेपाली भाषामा तल्लो स्तरको शब्द हो (थापा-२०६२) ।

नेपालमा विधवा महिलाहरू प्रायः ब्राम्हण, क्षेत्री, हिन्दु र नेपाली भाषी भएको कुरा विभिन्न अनुसन्धानहरूबाट प्रष्ट भएको छ । उनीहरू केवल २५ प्रतिशतमात्र साक्षर छन् । उनीहरूमध्ये थोरैले प्राथमिक तहसम्ममात्र अध्ययन गरेका छन् । ७७ प्रतिशत घरमा विधवा महिला नै घरमुली छन् । महिला प्रमुख भएका घरको तुलनामा गरिब छन् र ९३ प्रतिशत परिवारको संरचना एकात्मक छ (महर्जन २०६६) ।

नेपाली समाजमा विधवा भए पछि सिन्दुर, पोते, चुरा, रातो रङ (जुन सौभाग्यको प्रतिक मानिन्छ) त्याग्नु पर्ने हुन्छ । तसर्थ विधवा भन्नासाथ रातो रङका कपडा तथा श्रृङ्गार नगरेका महिलालाई चिन्न गरिन्छ । नेपाली महिला त्यसमा पनि विधवा महिलाको सामाजिक, आर्थिक अवस्था ज्यादै दयनीय छ । नेपालमा विधवा महिला भन्नासाथ हेय भावले हेर्ने गरिन्छ । हालसम्म पहिचान भएका विधवा महिलाहरू ४४ हजार रहेका छन् । ५४ वटा जिल्ला, २२५ वटा गा.वि.स.मा एकल महिला समूह गठन भइसकेका छन् (WHR 2009) । नेपालमा विधवा महिलाहरू ४० प्रतिशत २० वर्ष भन्दा तलका ६७ प्रतिशत २० देखि ३५ वर्षका, ३-४ वटा बच्चा भएका र २९ प्रतिशत अशिक्षित रहेका छन् । १० प्रतिशत महिलाहरू द्वन्द्वका कारण विस्थापित भएका छन् (WHR 2009) ।

प्राचीन धर्मशास्त्रले नारीलाई विवाह नहुँदासम्म पिताको, विवाह पछि पतिको र वृद्धावस्थामा छोराको अधिनमा बस्नुपर्ने बाध्यत्मक अवस्थाबाट महिलालाई नियन्त्रणमा राख्न खोजिएको तर विद्वान तथा मुनिहरूको दृष्टिकोणमा सम्मान जनक अवस्था रहेको पाइन्छ । मनुष्मृतिमा मनुले "यत्र पुज्यन्ते नारी तत्र रमन्ते देवता" अथवा जहाँ नारीलाई पुजिन्छ, त्यहाँ देवता रमाउँछन् भनि व्याख्या गरेका छन् (मनूस्मृति ) ।

तर पनि नेपालमा बेलाबखत हुने गरेका सतिप्रथा, विधवा महिलाप्रति लगाइने लाञ्छना, अशुभ सम्फने, उत्सवहरूमा सहभागी हुन नदिने विधवा महिलाको हातको भोजन पानी ग्रहण गर्न नहुने, बोक्सीको दोष लगाउने, पोइ टोकुई पापिनी भनी लान्छना लगाउने प्रवृत्ति भने अत्यन्तै मर्माहत छ (कँडेल २०६४) ।

हाल WHR नामक संस्थाले विधवा महिलाको हक हितको लागि आवाज उठाउँदै उनीहरूलाई सीपमूलक तालिमहरू उपलब्ध गराउँदै आएको छ । विधवा महिलाहरूले उत्पादन गरेका हस्तकलाका सामानहरू अचार, सिलाइबुनाइ, गार्मेन्ट, मैनवत्ती जस्ता सीपमूलक कार्यक्रमले आर्थिक अवस्थालाई केही मजबुत बनाउने प्रयास गरेको छ (WHR 2009) ।

नेपालमा सतिप्रथाको अन्त्यसँगै विधवाहरूलाई नियन्त्रण गर्ने सोचले विभिन्न प्रयासहरू भए । विधवा महिलाको पुनः विवाहको सम्बन्धमा देशमा औपचारिक कानुन भए तापनि विधवाले अर्को पति ग्रहण गर्नुलाई समाजले सहज रूपमा लिएको हुँदैन । जब की

विधुरलाई जति बिहे गर्दा पनि छुट हुन्छ । विधुवा महिलाले विवाह गर्नु हुँदैन, पतिको सतमा परपुरूषको कल्पना समेत नगरी बस्नु पर्दछ भन्ने परम्परागत मान्यता रहि आएको छ । तर विधवा महिलाको विवाह गर्नु हुन्छ, पतिको सतमा बस्नु र विवाह गर्नु एउटै कुरा हो, समाज र अभिभावकले विधवा महिलाको विवाह गरिदिनु कर्तव्य हो भन्ने जस्ता चेतना उद्भव हुनु समयको माग हो । यसको लागि प्रथमतः स्पष्ट कानुन बन्नु पर्दछ (कँडेल २०६४) ।

हिन्दु समाजले विधवा महिलाको मान्यता प्राप्त गर्न सकेको छैन । यो समाजमा औपचारिक रूपमा विवाहको उदाहरण नपाइए तापनि प्रेम विवाह वा पोइल जाने गरेका फाटफुट उदाहरण प्राप्त छन् । मंगोल सम्प्रदाय, मेचे, थारू, राजवंशी, सतार, चेपाङ जातिमा विधवा विवाह गर्ने चलन छ । सतार जातिमा विधवा भाउजु देवरले विवाह गर्ने चलन छ । त्यस्तै चलन चेपाङमा पनि छ (कँडेल, २०६४) ।

तर हाल २०६६ सालमा तत्कालिन सरकारले विधवा महिलाको विवाहलाई प्रोत्साहन गर्ने उद्देश्यले सामाजिक सुरक्षा अन्तर्गत विधवा महिला विवाह गर्ने जोडीलाई ५३ हजार रूपैयाँको घोषणा गरेको छ । जुन सर्वत्रबाट विरोध भइरहेको छ । उनीहरूलाई आत्मनिर्भर बनाउनुको सट्टा झन ५३ हजारको सरकारी दाइजोको लोभ देखाएर आफूहरूको आत्म सम्मानमा ठेस पुऱ्याएको भन्दै स्वयम् एकल महिलाहरूबाट नै त्यसको घोर विरोध भइरहेको छ । विधवा महिलाको आत्म सम्मानलाई ५३ हजारमा बन्धकी बनाएको भन्दै व्यापक विरोध प्रदर्शन भएको छ । स्वयम् विधवा महिलाहरूले नै यसलाई ५३ हजारको ललिपपको संज्ञा दिएका छन् र सरकारको यो घोषणा खारेजीको माग समेत गरेका छन् (आचार्य, २०६६) ।

अहिले आएर विधवा शब्दले पर्न जाने मानसिक आघात र समाजले गर्ने नकारात्मक व्यवहारबाट असर पर्न नदिन मानव अधिकारको लागि एकल महिला समूह संस्थाले राष्ट्रिय स्तरमा नै घोषणा पारित गरि विधवाको सट्टामा एकल महिला भन्ने परिपाटीको थालनी गरेका छन् । जसले गर्दा एकल महिला भन्नाले श्रीमान्को मृत्यु भएको, पारपाचुके गरेको वा विवाह नै नभएको बुझिने भएकाले समाजबाट अपहेलित हुन नपरेको मनसाय धेरैको रही आएको छ ।

## १.२. समस्याको कथन

कुल जनसंख्याको आधा हिस्सा ओगटेका नेपाली महिलाहरूमाथि गरिने विभिन्न किसिमका विभेदहरू जस्तै देउकी प्रथा, छाउपडी प्रथा, कुमारी प्रथा, सतिप्रथा जस्तै विधवा प्रथा पनि कलंकको रूपमा रहेको छ । सति प्रथाले जिउँदै जलायो भने विधवा प्रथाले मनोवैज्ञानिकरू रूपमा । श्रीमान्‌को मृत्युकै कारण अपहेलित जीवन बिताउनु पर्ने, इच्छा र चाहनाहरूलाई प्रतिबन्ध लगाउनु पर्ने अवस्था छ । सर्‌सर्ती हेर्दा पुरूष पहिलो दर्जाको, महिला दोस्रो दर्जाको र एकल महिला तेस्रो दर्जाको स्थानमा बस्न बाध्य छन् । नेपाली समाजमा विधवा महिलाहरूको सामाजिक, आर्थिक तथा साँस्कृतिक अवस्थाको अध्ययन गर्नु समाजशास्त्रीय गारोमा एउटा इटा थप्नु हो । एकातिर जीवनसाथी बिछोडको पीडा, अर्कोतिर सामाजिक वहिष्करणको पीडा । आजीवन एकल जीवन बिताउनु पर्ने, आफ्नो नाबालक सन्तान एक्लै हुर्काउनु पर्ने आर्थिक दायित्व एक्लै वहन गर्नु पर्ने, विवाह गर्न व्यवहारिक कठिनाइ, यदि गरेमा पहिलेका छोराछोरी स्याहार्नु पर्ने, नयाँ पतिबाट न्यायोचित व्यवहार हुन सक्ने कि नसक्ने? जस्ता समस्याहरू सिर्जना हुन्छन् । उनीहरूको पारिवारिक र सामाजिक सम्बन्ध कस्तो छ, उनीहरूका बारेमा छिटफुट जानकारी प्राप्त भए तापनि उनीहरूको पारिवारिक र सामाजिक सम्बन्ध कस्तो छ, उनीहरू प्रति परिवार र समाजले कसरी र कुन रूपमा हेर्छन्, उनीहरूको विधवा हुनु प्रतिको अवस्थालाई परिवार, समाज र उनीहरू आफैंले कसरी परिभाषित गरेका छन् भन्ने बारे केही प्रश्नहरूका उत्तर खोज्ने प्रयास गरिएको छ जुन यस प्रकार छन् :-

- विधवा महिलाहरूको आर्थिक सामाजिक र साँस्कृतिक अवस्था कस्तो छ?
- श्रृङ्गार, पुनर्विवाह र समाजको हेराई
- निर्णय प्रक्रियामा उनीहरूको भूमिकालाई कसरी हेर्न सकिन्छ ?
- सामाजिक क्रियाकलापमा उनीहरूको सहभागितालाई कुन रूपमा देखिन्छ ?

## १.३. अध्ययनको उद्देश्य

कुनै पनि विषयवस्तुका उद्देश्यहरू विशिष्ट वा व्यवहारिक किसिमको हुन आवश्यक छ । खासगरी यस अध्ययनका उद्देश्यहरू निम्नानुसार रहेका छन् :

१.३.१ विधवा महिलाहरूको सामाजिक, आर्थिक र सांस्कृतिक अवस्था पत्ता लगाउने ।

१.३.२.विधवा हुनु अगाडि र भैसकेपछिको परिवार र समाजको अपेक्षा, दृष्टिकोण र व्यवहारको व्याख्या र विश्लेषण गर्ने ।

## १.४. अध्ययनको सैद्धान्तिक तथा व्यवहारिक महत्व

प्रस्तुत अध्ययनबाट नेपाली समाजमा विधवा महिलाहरूको वर्तमान अवस्था बारे जानकारी प्राप्त गर्न सकिन्छ । समाजले विधवा महिलाहरूलाई हेर्ने दृष्टिकोण, लगाउने लान्छना, उनीहरूले भोग्नु परेका समस्या तथा विधवा महिलाहरू प्रति सकारात्मक सोच वा ढंगले सोच्न सहयोग गर्नेछ । विधवा महिलाहरूको बारेमा नीति,नियम बनाउन, योजना तयार गर्न, आर्थिक रूपमा सशक्त बनाउन सहयोग पुग्नेछ । विधवा मैत्री सामाजिक वातावरण तयार पार्नका लागि प्रस्तुत अध्ययन महत्वपूर्ण हुनेछ भने विधवा महिलाको उत्थानमा विभिन्न अनुसन्धानकर्ता, नीतिनिर्माता, योजनाविद् तथा समाजशास्त्र विषयको अध्ययनमासमेत सहयोग मिल्नेछ ।

## १.५ शोध ग्रन्थको संगठन

यस शोध पत्रमा जम्मा पाँच ओटा अध्यायहरू रहेका छन् । जसमध्ये अध्याय एकमा अध्ययनको विषयवस्तुको परिचय अन्तर्गत पृष्ठभूमि, समस्याको कथन, उद्देश्य, महत्व, अध्याय दुईमा पूर्व साहित्यको समीक्षा अन्तर्गत सैद्धान्तिक पुनरावलोकन र पूर्व अध्ययनहरूको समीक्षा, साथै अवधारणागत ढाँचा तथा समिक्षाको सार, अध्याय तीनमा अनुसन्धान पद्धति अन्तरगत अध्ययन क्षेत्रको छनोट, अनुसन्धानको ढाँचा, तथ्यांकका स्रोतहरू, तथ्यांकको प्रकृति, तथ्यांक संकलन विधिहरू, तथ्यांकको विश्लेषण, प्रस्तुतिकरण तथा अध्ययनका सिमा, अध्ययन क्षेत्रका विधवा महिलाहरूको सामाजिक, आर्थिक तथा साँस्कृतिक अवस्थाको बारेमा व्याख्या तथा विश्लेषण, अध्याय पाँचमा प्राप्त तथ्यांकहरूको सारांश, निष्कर्ष, प्राप्ति तथा सुझावहरू प्रस्तुत गरिएका छन् । अनुसन्धानका क्रममा शोध कर्ताले प्रयोग गरेका सन्दर्भ सूची, अनुसूची, प्रश्नावली आदिलाई शोध पत्रको अन्त्यमा प्रस्तुत गरी विभिन्न अध्यायहरूका ढाँचा तयार पारी प्रस्तुत अध्ययन सम्पन्न गरिएको छ ।

# अध्याय दुई

## पूर्व साहित्यको पुनरावलोकन

यस खण्डमा विधवा महिलाका सामाजिक, आर्थिक तथा साँस्कृतिक अवस्था एवम् पुनः विवाहसँगै सम्बन्धित विभिन्न पूर्व साहित्यहरूको समीक्षा गरिएको छ । उनीहरूप्रति समान अवसर तथा सम्मानजनक व्यवहार प्रदान गर्न नसक्नु, धर्मलाई आधार मानेर कानुन तयार हुनु, एक्काइसौं शताब्दीको आधुनिक समाजमा आइपुग्दा पनि ग्रामिण समाज उही रूढिवादी परम्परा अन्धविश्वासमा नै जकडिएर रहेको पाइएको छ ।

कुनै पनि विषयको अध्ययन अनुसन्धानमा सन्दर्भ सामग्रीको अभावमा अनुसन्धान फितलो र कमजोर बन्न पुग्दछ । विधवा महिलाहरूको सम्बन्धमा अध्ययन गर्न यस शोध कार्यमा पनि उपलब्ध भएसम्म विद्वान्हरूका लेख, प्रकाशन तथा यससँग सम्बन्धित पूर्व अध्ययनबाट तयार पारिएका सामग्रीहरूलाई मुख्य आधार बनाइएको छ । हुन त विधवा महिलाहरूको सम्बन्धमा पर्याप्त मात्रमा अध्ययन अनुसन्धान भएको देखिदैन तैपनि सकेसम्म प्रष्ट्याउने कोशिस गरिएको छ ।

सन १९७० देखि नै महिला विकासका निमित्त आवाजहरू उठ्दै आएका र सन् १९७५ मा पहिलो विश्व महिला सम्मेलन मेक्सिको सहरमा, १९८० मा दोस्रो (डेनमार्कको कोपन हेगनमा), १९८५ मा तेस्रो (केन्याको नैरोबीमा) र १९९५ मा चौथो बेइजिङमा विश्व महिला सम्मेलन सम्पन्न भइसकेको छ, र यसले १२ बुँदै बेजिङ घोषणा पत्र पारित गरेको छ । यस्ता प्रकारका सम्मेलनहरूमा महिला हक तथा अधिकारका धेरै कुराहरू उठाइसकेको र महिला विरूद्ध हुने सबै प्रकारका भेद्भावको उन्मूलन गरिने छ भन्ने महासन्धी पनि संयुक्त राष्ट्रसंघले पारित गरिसकेको छ । तर पनि महिला त्यसमा पनि विधवा महिला भनी समाजले किन उपेक्षा गर्दछ? त्यो हाम्रो चासोको विषय अवश्य हुनु पर्दछ ।

इतिहासदेखि नै विधवा महिलाको कुरा गर्दा सामाजिक, आर्थिक तथा साँस्कृतिक अवस्था र पुनः विवाहको सम्बन्धमा खासै परिवर्तन भएको पाइदैन । प्राचीन समयमा धर्मलाई आधार मानेर कानुनहरू तयार पारिएको हुन्थ्यो । एक्काइसौ शताब्दीसम्म आइपुग्दा केही परिवर्तित कानुनहरू बने जस अन्तर्गत विधवा महिलाको अंशको हक, छुट्टै बस्न

पुनर्विवाह गर्न पाउने व्यवस्था आदि । रूढिवादी परम्परा र अन्धविश्वास अनि पितृसतात्मक समाजले गर्दा यी विषयहरू व्यवहारिक रूपमा लागू हुन सकेनन् (रिजाल, २०६६) ।

## २.१. पितृसत्ता र महिलाको परिचय

पितृ सत्ताको शाब्दिक अर्थ पुरूष सर्वोच्चता वा परिवारमा पुरूष वा पिताको बोलवाला रहनु हो । अथवा पुरूषको नियन्त्रणमा परिवारका सदस्यहरू रहनु, महिलामाथि पुरूषको संस्थागत दमन हुनु हो । जसभित्र महिलाहरूले पनि महिलाहरूलाई दमन गरेका हुन्छन् । सामाजिक संगठनभित्र पितृसत्ता यसरी घुसेको हुन्छ कि दमन गर्नेलाई पनि आफूले दमन गरेको थाहा नहुन सक्छ र दमित हुनेहरूलाई पनि आफू दबिएको थाहा हुन पनि सक्छ, नहुन पनि सक्छ । समाजमा सम्पत्तिमाथिको दायित्व, रणनीति तथा स्रोतहरूमाथिको पहुँचका सन्दर्भमा पितृसत्तालाई स्पष्ट देख्न सकिन्छ । महिलाहरू पुरूषको अधिनता स्वीकार्न बाध्य हुन्छन् ।

भारतीय प्रख्यात समाजशास्त्री कमला भाषिनले पितृसत्तालाई एउटा प्रणालीको रूपमा लिएकी छिन् । “जहाँ पुरूषले अनेक बहाना बनाएर महिलालाई आफ्नो अधिनमा राख्ने गर्दछ ।” पितृसत्तामा महिलाहरूको उत्पादन शक्तिमा नियन्त्रण, महिलाहरूको प्रजननशक्तिमा नियन्त्रण, महिलाहरूको यौनिकता, महिलाहरूको गतिशीलता र सम्पत्ति तथा अन्य स्रोतहरूमा नियन्त्रण भएको हुन्छ । जसले गर्दा महिलाहरूलाई अगाडि बढ्न कठिनाई पर्दछ अर्याल, (२०५९:१४) ।

हिन्दु धर्म अनुसार वंशको निरन्तरताका लागि छोराको चाहना गरेको पाइन्छ । पितृसत्तात्मक समाजमा बुबा, आमालाई दागवत्ती दिन, श्राद्ध गर्न जस्ता कार्यमा छोराको महत्वपूर्ण भूमिका रहेको हुन्छ । विवाह संस्कारमा महिलाको हैसियत पुरूषको भन्दा कम रहेको पाइन्छ । आमा र श्रीमतीको हैसियत पितृसत्तात्मक समाजमा फरक रहेको हुन्छ । श्रीमतीलाई अपवित्र, खतरा, कामेक्क्षा राख्ने महिला र आमा पवित्र, ममतामयी, जीवनदाता । सिङ नभएको जनावर र लोग्ने नभएको आइमाई, शीरको शोभा श्रीमान्, विवाह पूर्व बाबुको नाम, पछि श्रीमानको र उसको मृत्यु पछि छोराको नामबाट रहँदै आएकोले स्वपहिचान नरहेको पाइन्छ (थापा, २०६२:१९) ।

"राधा र उनको भाइ जंगलमा दाउरा काट्दै थिए । अचानक गाउँलेहरू आएर हतारहतार उनको भाइलाई लिएर गए । कसैले पनि राधालाई बोलाएनन् तर राधा पछिपछि आइन् । घरमा पुग्दा उनीहरूको बाबुको मृत्यु भएको रहेछ । सबै गाउँलेहरूले राधाको भाइलाई अब त यस घरको मुली भइस्; आमा र दिदी अब तेरो जिम्मेवारी भए भनेर सम्झाउँदै थिए । त्यहाँ राधाको कुनै भूमिका थिएन । यद्यपि राधा र उनकी आमाले नै घरको जिम्मेवारी सम्हालेका थिए (थापा, २०६२:२०) ।

विधवा महिलाहरूको निम्न अवस्था हुनुमा पितृसत्तात्मक समाजले ठूलो भूमिका खेलेको पाइन्छ । श्रीमान् नभए पछि ती महिला अलच्छिनी र शुभ कार्यमा संलग्न नगराइनुले पनि पितृ सत्तात्मक सोचले गरेको असमान परम्परालाई प्रष्ट्याउँछ ।

पितृ सत्तात्मक मूल्य, मान्यता, संस्थागत सहायताको अभाव, परिवारको सहयोग नहुनु, सामाजिक संस्कारको नकारात्मक दृष्टि, आर्थिक परनिर्भरता अनि शिक्षा र चेतनाको अभाव आदिले महिलाहरू राजनैतिक एवम् निर्णय गर्ने तहसम्म पुग्न नसकेको पाइन्छ । अहिले विभिन्न राजनैतिक निकायमा महिलाहरूलाई ३३ प्रतिशत पदमा आरक्षण गराउने आवाज उठे तापनि महिला सहभागिता र सशक्तिकरणका निम्ति हरबखत महिला आरक्षण केन्द्रमा सामेल भई महिलाहरू राजनीतिमा उत्रन नसक्ने अनि व्यवहारिक, सैद्धान्तिक राजनीतिबाट टाढा रहन सक्ने सम्भावना हुने हुँदा विद्यमान महिलाहरूको राजनैतिक हैसियत वा स्थिति सुधार गर्नका लागि सबै राजनैतिक महिलाहरूले आफ्ना आवाजलाई मुखरित गरी राष्ट्रिय राजनीतिमा अगाडि बढाउन आफूले गर्नुपर्ने मेहनत, प्रयास र कार्य सम्पादनलाई दरिलो र सशक्तरूपमा अगाडि बढाउनु अपरिहार्य देखिन्छ (अर्याल, २०५९:१७०) ।

भारतीय समाजशास्त्री कमला भाषिनका अनुसार पितृसत्तामा महिलाहरूको उत्पादन शक्ति, प्रजनन, यौनिकता, गतिशीलता, सम्पत्ति तथा अन्य आर्थिक स्रोतहरू र शिक्षामा शोषण गरिएको हुन्छ (अर्याल, २०५९:३) ।

वास्तवमा वर्तमान सामाजिक संरचना पुरूषको बोलवाला भएको पुरूष प्रधान समाज हो जहाँ पितृसत्ताले सिर्जना गरेको मूल्य, मान्यता र परम्पराबाट समाज, परिवार समुदाय गर्दै राज्य, देश, विश्व नै चलिरहेको छ । जसबाट महिलाहरू दमित र उत्पीडनमा

परेका छन् । परिवारमा पुरूष वा पिताको शासन अन्तर्गत हरेक सामाजिक कृयाकलापहरू पुरूष नियन्त्रित क्रियाकलापहरूलाई अनुभूति गर्न महिलाहरूलाई पितृसत्ताले बाध्य तुल्याएको हुन्छ । (चौलागाईं, पोखरेल, सापकोटा, २०६०:१०) ।

## २.२. विधवा महिलाका सामाजिक वा आत्म सम्मान सम्बन्धित पूर्व साहित्यहरूको समीक्षा

नेपाली समाजका उमेरका आधारमा दुई प्रकारका विधवा महिला रहने चलन छ । एउटा बाल विधवा महिला र अर्को प्रौढ विधवा महिला । केबल विवाहको विधिमात्र पूरा भएको तर पतिसँग कुनै शारीरिक सम्बन्ध नभई पतिको मृत्यु भएको महिलालाई बालविधवा भनिन्छ । जसलाई पतिपत्नीको सम्बन्धका बारेमा केही अनुभव नै हुँदैन । अर्को प्रौढ विधवा महिलालाई दापत्य जीवनका बारेमा थाहा हुन्छ तर कसैका बाल-बच्चा हुन्छन् र कसैका हुँदैनन् (ओझा, २०५६) । **हिन्दु धर्म अनुसार उच्च जातमा महिलाहरूको अवस्था**

वैद्धिककालमा अन्य कालको भन्दा केही सुधार देखिन्छ, जहाँ श्रीमान्को मृत्यु पश्चात पनि विवाह गर्न पाउने र तिनीहरूले अन्य कालको भन्दा केही मनोरञ्जन गर्न पाउने अवस्था देखिन्छ । त्यस्तै मनुस्मृतिका अनुसार विधवा महिलाको स्थिति अलि कमजोर खालको देखिन्छ किनकी उनका अनुसार महिलाहरूले आफ्ना श्रीमान्को मृत्यु पश्चात अति कष्टकर जीवन गुजार्नुपर्ने स्थिति छ । उनीहरूले श्रीमान्को मृत्यु पश्चात मरेका श्रीमान्को मोक्ष प्राप्तिका निम्ति गर्नुपर्ने सम्पूर्ण कार्य गर्नु पर्दछ र परपुरूषसँग विवाह गर्न नहुने धारणा छ । तर उत्तर वैद्धिक कालमा एक महिला एक पुरूष भन्ने मान्यता पाइन्छ । जसमा कुनै पनि महिलाको श्रीमान् मरेपछि उसले दोस्रो पुरूषसँग विवाह गर्न नहुने, श्रीमान्ले दिएको रातो टिका, चुरा, पोते लगाउन नपाउने, सधैंभरी सेतो पोशाकमा हुनुपर्ने धारणा व्यक्त गरिएको छ (सिंह र श्रेष्ठ,२००६) ।

**बौद्ध धर्म अनुसार विधवा महिलाहरूको अवस्था**

बौद्ध धर्म अनुसार खासै लैङ्गिक विभेद भएको पाइदैन र कुनै पनि सतिप्रथाको व्यवस्था भएको देखिदैन । विधवाको लागि कुनै पनि संस्कार बाधा व्यवधानहरू रहेको पाइदैन (सिंह र श्रेष्ठ,२००६) । तर राउटे जातिमा एकल महिलालाई निच सम्झी छुट्टै झुपडीमा राखिन्छ (कँडेल २०६४) ।

विधवा महिलाहरूको शिक्षामा पहुँचलाई हेर्दा जम्मा २ प्रतिशतले मात्र उच्च शिक्षा प्राप्त गरेको देखिन्छ । जसको कारण उनीहरूको बालबच्चा उच्च जोखिमयुक्त क्षेत्र जस्तैः चेलीबेटी बेचबिखन, यौनजन्य क्रियाकलाप तथा घरेलु कामदारको रूपमा काम गर्न बाध्य भएको पाइन्छ (थापा, २०६५) ।

त्यस्तै विधवा महिलाहरूलाई दुर्व्यवहार गर्नेमा सबैभन्दा बढि अन्य मानिसहरू हुन्छन् । त्यसपछि उनीहरूले क्रमशः नातागोताबाट, समाजका व्यक्तिहरूबाट, श्रीमान्को आफन्त र साथीभाइबाट र माइतीका परिवारबाट दुर्व्यवहार भोग्दछन् (गोरखापत्र दैनिक, २०६६) ।

**लैङ्गिक अवधारणा**

लैङ्गिक अध्ययन सामाजिक विज्ञानमा देखा परेको एउटा नयाँ विषय हो । हुन त प्राचीन समयमा पनि जेन्डरको अवधारणा नभएको होइन मात्र अदृश्य रूपमा रहेको थियो । यद्यपि जेन्डरलाई लिङ्ग समरूपतासँग पनि लिइएको पाइन्छ । वास्तवमा लिङ्गले नैतिक, शारीरिक संरचनालाई झल्काउँछ भने जेन्डरले महिला र पुरूषको सामाजिक साँस्कृतिक अभ्यासलाई प्रतिनिधित्व गर्दछ । कुनै पनि समाजमा महिला र पुरूषद्वारा अपेक्षा गरिएको व्यवहार एवम् गुणहरूको भूमिकालाई जेन्डर भनिन्छ । यस प्रकार जेन्डरले न त पुरूष न त महिला मात्रलाई संकेत गर्दछ बरू यसले महिला र पुरूष दुबैको समाजमा खेलिएको भूमिका वा व्यवहारलाई प्रतिनिधित्व गर्दछ । जसको निर्धारण सोही समाजको सामाजिक अभ्यासले गर्दछ (चौलागाई,२०६०) ।

यसरी जेन्डरले महिला र पुरूषको सामाजिक, साँस्कृतिक भूमिकालाई प्रष्ट्याँउछ भने महिला र पुरूषबीचको समान एवम् असमान कार्यका लागि लैङ्गिक अध्ययनले चासो लिएको हुन्छ । यसको अतिरिक्त समाजमा विद्यमान विभिन्न असमानताहरू के कति कारणले सिर्जना गरिएका छन् र कसरी यसको समाधान गर्न सकिन्छ? साथै विभिन्न नीति नियम एवम् चेतनशील कार्यको आवश्यकता तथा निर्माणमा समेत लैङ्गिक अध्ययन गरिन्छ । लैङ्गिक अध्ययन हुनुपूर्व महिलालाई पुरूषको सहयोगीको रूपमामात्र हेरिन्थ्यो । महिलाको भूमिकालाई खासै महत्व दिइदैनथ्यो । यस अध्ययनले सामाजिक, सांस्कृतिक परिवेशमा महिला र पुरूष जो निम्न स्थानमा रहेको देखिएको वा देखाइएको छ उसलाई समानता तर्फ

मुखरित गर्दछ । बर्तमान हाम्रो सामाजिक परिवेश पितृसतात्मक छ । जहाँ पुरूषको बोलवाला र हैकमबाद चल्छ, त्यहाँ महिलालाई हेर्ने आँखा (दृष्टिकोण) दोषी छन् । त्यसैले दोषी आँखालाई ओखती मूलो गरी न्याय संगत दृष्टिले महिला र पुरूषलाई समान महत्व र योगदानलाई खुला हृदयले आत्मानुरूप गराउनु लैङ्गिक अध्ययनको मूल उद्देश्य हो (पोखरेल, २०६०) ।

इतिहासलाई हेर्ने हो भने १८औं शताब्दीमा बेलायतमा थालिएको सुधार र पुनर्जागरणको प्रभाव पछि महिलालाई हेर्ने दृष्टिकोणमा भने केही परिवर्तन भएको पाइन्छ । त्यसै गरी ६०को दशकमा भएको महिला आन्दोलनदेखि नै लैङ्गिक अध्ययनको आरम्भ भएको हो । तर पनि महिलासम्बन्धी खासै पुस्तक लेख रचनाहरू भने प्रकाशित भएका थिएनन् । तत्पश्चात सन् १९४९ मा फ्रान्सिस लेखिका "Simon" को "The Second Sex" नामक पुस्तक प्रकाशन भयो । जसमा नारित्व सम्बन्धी पुराना चिन्तनका बिरूद्ध वर्णन गरिएको पाइन्छ । वास्तवमा यस पुस्तकलाई नै महिलाको विषयमा लिखित प्रथम Academic Book मान्न सकिन्छ । सन् १९६३ मा "Betty Friden" को "The Feminist Mystique" प्रकाशित भयो जसमा तात्कालिक समाजमा व्यप्त रहेको महिला अधिनतालाई राम्रोसँग चित्रण गरिएको थियो । यसले नविन हलचलनै मच्चियो साथै उक्त पुस्तकले महिलावादी आन्दोलनको महत्वपूर्ण जग बन्न पुग्यो । फलस्वरूप घरभित्र गुम्सिएर बसेका महिलालाई घर बाहिर आएर आफ्नो अधिकारको लागि लड्न प्रोत्साहन समेत गऱ्यो । जसको सन्दर्भमा विभिन्न किसिमका महिलावादी सिद्धान्तहरूको विकास भयो (पोखरेल, २०६०) ।

नेपालको संविधान २०७२ मा संविधानको धारा ३८ मा महिलाको हक सम्बन्धी व्यवस्था ।

- प्रत्येक महिलालाई लैङ्गिक भेदभाव बिना समान वंशीय हक हुनेछ ।
- प्रत्येक महिलालाई सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सम्बन्धी हक हुनेछ ।
- महिला बिरूद्ध धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य र शोषण गरिने छैन । त्यस्तो कार्य कानुन बमोजिम दण्डनीय हुनेछ र पीडितलाई क्षतिपूर्ति पाउने हक हुनेछ ।
- राज्यका सबै निकायमा महिलालाई समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक हुनेछ ।

महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने हक हुनेछ । सम्पत्ति तथा पारिवारिक मामिलामा दम्पत्तीको समान हक हुनेछ (नेपालको संविधान २०७२) ।

महिला सशक्तिकरणले सामाजिक जीवनमा सशक्त भूमिका वहन गर्न सक्षम तुल्याउँछ । पुरूष सरह अख्तियारको उपभोग गर्न सक्षम बनाउनु, उनीहरूको प्रजनन अधिकारको संरक्षण, पूर्ण स्वयत्तता प्राप्त गर्नु, सामाजिक, आर्थिक, राजनैतिक र स्वास्थ्य स्थितिमा सधार गर्नु आदि ।

महिला सशक्तिकरणका लागि हालसम्म भएका प्रयासहरू

- आमाको नामबाट नागरिकता प्रदान गर्न सकिने कानुनी व्यवस्था ।
- सम्पत्तिमा छोरीको अधिकार सम्बन्धी कानुनी व्यवस्था ।
- सार्वजनिक सेवाका पदहरूका लागि ३३ प्रतिशत आरक्षण ।
- महिलाको नाममा घर जग्गा किनबेचमा २५ प्रतिशत छुटको व्यवस्था ।
- राष्ट्रिय महिला आयोगको स्थापना ।
- विवाहको लागि तोकिएको न्यूनतम कानुनी उमेर महिला र पुरूष दुबैको समान निर्धारण गरिएको छ (विष्ट, २०६७) ।

## २.३. विधवा महिलाहरूको सामाजिक अवस्था

विधवा महिलाहरूको सामाजिक अवस्था सन्तोषप्रद छैन । महिलाहरू सामाजिक परिवेश पुरूषहरूद्वारा अपहेलित, दमित र शोषित भएका छन् । पितृ प्रधान समाजको नारीलाई हेर्ने दृष्टिकोणको दायरा साँघुरो भएकै कारण विवाह पश्चात श्रीमान्को पश्चात सबैको निर्देशनमा बस्नु पर्ने, सबैसँग नम्र, मिजासिलो, सहनशील, पतिभक्त भएर बस्नु पर्छ । चरित्रमाथि दाग लगाउने, सासुले बुहारीलाई हेप्ने गरेको पाइन्छ (अर्याल, २०६०; ४३७) ।

नेपाली समाजमा बिबाहित दम्पत्तिमा श्रीमतीको भन्दा पहिले श्रीमानको मृत्यु भएमा त्यस महिलालाई विधवा भनेर चिनिन्छ र कुनै पनि बिबाहित महिलाको मृत्यु श्रीमानको

भन्दा पहिले भएमा त्यसलाई सधुवा वा शौभाग्यवती भनेर चिनिन्छ । जुन महिला विधवा हुन्छिन् उनले रातो चुरा, सिन्दुर, पोते त्याग्नुपर्ने हुन्छ । जसले गर्दा उनलाई टाढैबाट पनि ऊ विधवा हो भनेर पहिचान गर्न सकिन्छ ।

विधवा महिलाहरूमाथि भन्ने गरिएको शब्द राँडी शब्द, वेश्यावृत्ति गर्ने महिलालाई पनि त्यही शब्द भनिने हुनाले विधवा महिलाहरूमाथि त्यस्तो शंका गर्ने गरेको पाइन्छ । त्यस्ता महिलाहरू मानसिक रूपमा शोषित पीडित भइरहेका छन् । समाजमा अशिक्षित विधवा महिलाहरूमा मानसिक तथा शारीरिक हिंसा पनि भइरहेको छ (थापा, २०६२) । उनका अनुसार विधवा महिलाहरूलाई अत्यन्तै निन्दनीय शब्द भनि गाली गर्ने गरेको पाइन्छ ।

विधवाहरू समाजमा कति हेलाँ र अर्घेला हुन्छन्, उनीहरू चाहे घर वा माइतमा बसून् तर उनीहरूलाई उक्त समाजमा बस्न अप्ठेरो हुन्छ । माइतमा त उसको हक नै नहुनाले १०/२० दिन पछि ऊ अर्घेली हुने र टीका-टीप्पणी शुरू हुन्छ । घरतिर पनि घरका परिवारले पन्छिए अंश दिनु नपर्ने र समाजले पनि "हिड्ने बेला राँडी देखिई, लौ साइत बिग्रियो", "राँडीले लगन र सगुन छुनु हुँदैन" इत्यादि भनेर हेलाँ गर्छन् (प्रश्रित, २०६३,५१) । इतिहास तथा धर्म ग्रन्थहरू पल्टाएर हेर्ने हो भने त्यसबेला बालबिबाह श्रीस्वस्थानी ब्रतकथा अनुसार ७ वर्षकी गोमा ७० वर्षका शिव शर्मासँग बिबाह गरिदिनु, अनि दरबारमा प्रशस्त रखौटीहरू, रानीहरू राखिनु जस्तै, प्रताप मल्लका ३०० ओटी रखौटीहरू (के.सी.,२०५५) ।

त्यसै गरी भारतमा मध्यकालमा अत्याचारबाट बच्न हिन्दु नारीहरू पतिको शवसँगै जलेर खरानी हुने परम्परा पछि विकृत हुँदै पुरूषका लागि प्रतिष्ठा र महिलाका लागि बाध्यताको रूप लिन थाल्यो । मृतक पुरूषसँग जीवित नारी चितामा जलेर प्राण त्याग गर्नु अति कष्ट हुने र कहिलेकाँही अनेकौं नारीहरू सति जाँदा निस्कने हृदय बिदारक चित्कार सुन्न नपरोस् भनि अनेकौं बाजा बजाउने, विभिन्न रागहरू गाउने प्रचलन थियो । सतीप्रथाका समर्थक पाखण्डीहरू सती जाने नारी साक्षत देवी भएकाले उनको सम्मानमा स्तुती गान गरेको भन्ने अन्धो तर्क पेश गर्न पछि पर्दैनथे । नेपाली समाज हिन्दु परम्परामा आधारित भएकाले प्राचीनकाल, मध्यकाल र आधुनिक कालमा प्रधानमन्त्री चन्द्रशम्शेरको समयसम्म सतीप्रथा कायमै थियो । लिच्छवीकालमा राजा मानदेवले आफू बालक भएको कारणले आमा राज्यवतीलाई सती जानबाट रोकेकाले विशेष परिस्थितिमा सती जान नपर्ने

अवस्था पनि थियो भन्न सकिन्छ । विशेषतः छोरा नावालक भएको अवस्थामा, गर्भिणी भएको अवस्थामा सती जान पर्दैनथ्यो । मध्यकालीन रानीहरूमा रूद्र मल्लकी आमा पदुमलदेवी, जगतसिंकी आमा (हरिसिंदेवकी रानी) देवलदेवी सिद्धिनरसिंकी आमा लालमती सती गएका थिएनन् । मध्यकालमा रत्न मल्लसँग १० जना, प्रताप मल्लसँग ९ जना, योगनरेन्द्र मल्लसँग ३१ जना नारीहरू सती गएका थिए । राजा पृथ्वीनारायण शाहले आफ्ना पिता नरभूपाल शाहको वि.सं. १७९९ मा मृत्यू हुँदा निःसन्तान आफ्नी जेठी आमालाई सती जानबाट बिरोध जनाए तापनि वि.सं. १८३१ मा उनको मृत्यु हुँदा रानी नरेन्द्रलक्ष्मी लगायत केही नारीहरू सती गएका थिए । राजनीतिक हित साधना गर्न पनि कसैलाई सती जान बाध्य तुल्याइएको घटना रणबहादुर शाहको मृत्यु हुँदा हेलम्बुमा निर्वासित रानी राजराजेश्वरी लगायत १५ जना नारी सती जान भिमसेन थापाले बाध्य तुल्याएको घटनालाई उदाहरणको रूपमा लिन सकिन्छ । सती प्रथाका कट्टर बिरोधी जंगबहादुर राणाले कसैलाई सती जान बाध्य नपार्ने, सरकारी अधिकृतको रोहवरमामात्र सती जान सक्ने नियम बनाउनुको साथै आफ्ना भाइ बुहारी र छोरीहरूलाई सती जानबाट रोकेका थिए । वि.सं. १९१० को मुलुकी ऐनले १६ वर्ष भन्दा मुनिकी महिला र ५ वर्ष मुनिका छोराछोरी छाडेर सती जान नपाउने नियमले सती प्रथालाई न्यून स्थितिमा पुऱ्यायो । वीर शम्शेरका पालामा सरकारबाट अनुमति लिएरमात्र सती जान पाइने भयो । अन्ततः चन्द्र शम्शेरले २८ जुन १९२० सन् (वि.सं. १९७७ असार २५) मा एक घोषणा जारी गरी सती प्रथा जस्तो सामाजिक कलंकलाई सदाका निम्ति अन्त गरे । यद्यपि भारतमा सती जाने गरेका घटनाहरू छिटफुट सुन्नमा आउँछन् । तापनि नेपालमा अचेल कुनै पनि नारी सती गएको थाहा पाइएको छैन (भट्टराई, २३६;२०६९/०७०) ।

यसरी नै टुनामुना मन्त्रको प्रयोग गरी कसैको कुभलो गर्ने महिलालाई बोक्सी भनिन्छ । तापनि बोक्सीको अवधारणा यथार्थ सत्य हो वा फगत परिकल्पना हो भन्ने कुरा भने खोजीकै विषय रहेको छ । बोक्सीले बिरालो रूप लिई गाईभैंसीको दूध चुस्ने, हावाको रूप लिई मानिसलाई सताउने, ऐठन गर्ने, शरीरमा दाँत गाड्ने, गाईभैंसीको दूध सुकाउने, कोही बिरामी भएमा बोक्सी लागेको भनिन्छ । बोक्सी विद्या सिके पछि यस्ता बोक्सीले आफ्ना देवतालाई खुसी पार्न आफ्ना पति र छोराछोरीको बलि दिन पनि पछि नपर्ने कुरा बताउँछन् । कुनै पनि महिला निःसन्तान भई बाँझी भएमा बोक्सी लागेको भनिन्छ भने छरछिमेकमा झैझगडा लगाउने काममा पनि बोक्सीको हात रहेको मानिन्छ । उपर्युक्त काम

गर्ने कुनै महिलालाई बोक्सी मानिएमा उसलाई धामीझाँक्रीहरूबाट तह लगाउने क्रममा निर्मम रूपमा पिट्ने, तातो फलामले डाम्ने, शरीर छेड्ने, गाउँ निकाला गर्ने तथा मलमूत्र खुवाउने जस्ता निकृष्ट कार्यहरू गरिन्छ । बोक्सीको आरोप लागेका यस्ता महिलाहरू सामान्यतया आर्थिक रूपमा विपन्न र परिवारमा पुरूष सदस्य मरेर वा अर्को बिबाह गरी विचल्नीमा परेका भएकाले यो प्रथा विपत्तीमा परेका नारीमाथि समाजले गर्ने दमन तथा तिरस्कारको ज्वालन्त उदाहरण पनि हो (भट्टराई, २३९;२०६९/०७०)।

हिन्दु उच्च जातिहरूमा विधवा बिबाह स्वीकार्य हुँदैन तर तल्लाजातिमा सामान्य मानिन्छ । राई जातिमा विधवा बिबाह सामान्य मानिन्छ (कँडेल, २०६४) । हरिसिंदेव र देवलदेवीका छोरा कर्नाटक राजकुमार जगतसिंले उपत्यकाका राजा रूद्रमल्ला वि.स. १३८२ मा मृत्युको छोरी विधवा नायकदेवीसँग के कस्तो प्रतिक्रिया भयो थाहा छैन तर पछि वि.सं. १८५१ तिर श्री ५ रणबहादुर शाहले कान्तीमति नामक जनकपुरकी विधवा ब्राह्मणीसँग बिबाह गर्दा भने कट्टरपन्थी हिन्दु ब्राह्मणहरूबीच ठूलै खैलाबैला भयो तर पनि यसले सामाजिक रूपमा कानुनी मान्यता पाएको छैन (संग्रौला, २०५७) ।

लिच्छवीकालमा महिलाहरूलाई पुर्नबिबाह र विधवा बिबाह गर्न निश्चित नियम बनाइएको थियो । पतिको सो लाससँगै सति जान खोजेकी नारी राज्यवतीका छोरा मानदेवले आपत्ति गर्न सती हुने बिचार त्यागी काजक्रिया गरेकी थिइन् । माली गाउँको सम्वत् ५७ को अभिलेखमा विष्णुगुप्तले महिलाहरूलाई विधवा बिबाह र पुर्नबिबाह गर्न निश्चित नियमको व्यवस्था गरेको कुरा उल्लेख छ जसमा लोग्ने मरेमा, हराएमा, जोगी भएमा वा अन्य कारणले पुर्नबिबाह गर्न सक्ने चलन रहेको कुरा उल्लेख गरिएको छ (श्रेष्ठ, २०५५) ।

नेपालको एकिकरणसँगै स्त्री जातिलाई ज्यान सजाय नगरी नाककान काटिने प्रावधान थियो । पृथ्वीनारायण शाह पछिका नारीहरू राजनीतिमा हर्ताकर्ता देखिए तापनि सर्वसाधरणमा सो विषय गौण थियो (के.सी., २०५५) ।

प्राचीन समयमा अहिल्या, द्रौपदी, तारा, कुन्ती, मन्दोदरी र सीतालाई पञ्चकन्याको रूपमा पुज्नु, सीता र भृकुटीलाई सम्मानजनक नारीको स्थान दिनु, अहिले पनि शुभ कार्यमा पञ्चकन्या पुज्नुले महिलाहरूको भूमिका सम्मानजनक रहेको थियो भन्ने जनाउँछ । बाबुकी

अर्की स्वास्नीलाई छोराले स्वास्नी तुल्याउने चलन अरू जातिमा थिएन । यो प्रचलन नराम्रो भएकोले सानीआमालाई लिम्बुहरूले स्वास्नी तुल्याउनु हुँदैन भनि बि.सं. १८९६ मा रोक्का जारी भएको थियो । विधवा बिबाहका विभिन्न स्वरूपहरूमध्ये आफ्नै सानीआमालाई स्वास्नी तुल्याउनु राम्रो होइन भनी राजा राजेन्द्रबिक्रम शाहले यस्तो चलन अन्त्य गरेको पाइन्छ (श्रेष्ठ,२०५५-२०४७) ।

विधवा महिलाको परपुरूषसँग सम्बन्ध रही गर्भवती भएको वा गर्भपतन गरेको कुरा अझ बिचारणीय छ । हुन सक्छ हिन्दु स्मृतिकारहरूमध्ये केहीले विधवाको पुर्नबिबाहका लागि समर्थन गरे तापनि हाम्रो समाजमा ठूलो संख्याले अझै पनि यसलाई स्वीकार्न सकेको पाइदैन । अझ भन्ने हो भने तरूनी विधवाहरूमा यो स्थिति दर्दनाक भएको पाउँछौं । कुनै विधवा महिलाले सामाजिक कार्यका लागि अगाडि रहनुलाई अशुभ ठानिन्छ । कुन दिन कसैसँग बिग्रने हो भन्ने सधैं भएर शंकाले ती समाजका मानिसहरूले नियाल्ने गर्दछन् । यस्ता विधवा युवतीहरू कसैसँग पोइल गई गर्भ रही बच्चा जन्माए पछि हेलाँकै दृष्टिबाट हेर्ने गरेको पाइन्छ (पौड्याल, २०५५) ।

एक दिन अघिमात्र सबैको अगाडि मन परेको थिए । सासु ससुरा सबैले खुबै मन पराउनुहुन्थ्यो । लक्ष्मी जस्ती बुहारी भन्थे, श्रीमान्को मृत्युको खबर सुन्ने बित्तिकै म लक्ष्मी जस्ती बुहारीबाट अभागी, अलच्छीनी भएँ । मेरो के दोष थियो र? म आफैंले लाग्ने मरोस् भन्थें र ? (थापा, ७; २०६७) । यो देवकीको भनाइ हो जसले श्रीमान्को मृत्यु हुने बित्तिकै समाजबाट लगाइएको छाप वा बिल्ला हो ।

मृत्युको खबर सुन्ने बित्तिकै मेरा हातका चुराहरू फुटाइए, नाकमा सानैदेखि लगाइराखेको फुली काटेर निकालियो, अनि मेरो रातो साडी फुकाल्न लगाइयो, नुहाउन लगाएर टाउकाको सिन्दुर पखालेर अनि सेतो बस्त्र लगाएर परालमा बस्न लगाइयो (थापा, ८; २०६७) ।

यसरी महिलालाई पुरूषको अर्धाङ्गिनी मानिने श्रीमती मर्दा पुरूषले जुठो बारे पुग्ने, वर्षदिनसम्म पर्खन नपर्ने, पुनर्विवाह गर्न छुट हुने तर महिलाहरू जीवनभर बेसाहारा भएर बस्नुपर्ने । नेपाली समाज प्राचीन समयदेखि नै महिलालाई हेयको दृष्टिकोणले हेरिने अवशेष आधुनिकताले खोल ओढेको समाजमा पनि तुवालोको रूपमा देख्न सकिन्छ । समाजमा

विधवा महिलाको स्थान जतिसुकै महत्वपूर्ण रहे तापनि यसको उचित मूल्यांकन भएन भने सामाजिक अवस्था गिर्दैजाने छ । जबसम्म समाजमा शिक्षाको उज्यालोले स्पर्श गर्दैन तबसम्म विधवा महिलाहरूले सम्मानजनक व्यवहार प्राप्त गर्ने छैनन् भन्ने कुरामा कुनै अत्युक्ति नहोला ।

**२.४ विधवा महिलाहरूको आर्थिक अवस्था**

आर्थिक स्तरमा नेपाली महिलाहरू पुरूषभन्दा निक्कै कमजोर देखिन्छन् । नेपालमा महिलाहरू कृषि क्षेत्रमा ९० प्रतिशत सहभागी छन् भने घरेलु कृषि उत्पादनमा ५४ प्रतिशत मात्र । जबकी पुरूषहरू ४० प्रतिशत । महिलाहरू ११ घण्टा घरमा काम गर्दछन् भने पुरूषहरू ७ घण्टा मात्र । महिलाहरू आर्थिक रूपमा पछाडि पर्नुपर्ने कारण शिक्षाको अभाव हो । त्यसै कारण उनीहरू पुँजी बिहीन काम गर्न बाध्य छन् (अर्याल, १६३;२०५९) ।

बाबु नभएका छोराछोरी घरको आधारभूत आवश्यकता पूरा गर्नका लागि शहरतिर छिरेर सानोतिनो मजदुरी गर्न विवश भएका छन् । छोरीहरू घरायसी काम गर्ने वा नजिकै श्रमको काम जस्तैः गिटी कुट्ने, खेतमा काम गर्ने, दाउरा बेची घरमा पुऱ्याउने गरेको पाइन्छ । गंगामाया (११ वर्ष) बाबुको मृत्यु पछि गिटी कुटेर दैनिक रू.३० देखि ५३ जम्मा पार्छिन् र घरखर्च पुऱ्याउँछिन् (थापा,२४;२०६२) ।

गंगा जस्ता हजारौं बालबालिका आफ्ना कमाउने बाबुको मृत्यु पछि खाने समस्याको कारणले गर्दा घर छाडेर बाहिर गई जीवन गुजारा गर्न बाध्य भएका छन् ।

श्रीमान्‌को मृत्यु पछि कामको खोजीमा भौतारिदै हिडेकी गिता सापकोटा काठमाडौंमा भित्रीइन् र दाजु पर्नेको डेरामा बसेर कतै काम नपाए पछि ठमेलको मसाज केन्द्रमा काम गर्न बाध्य भइन् । मसाज केन्द्रले उनलाई दिन्छु भनेको पारिश्रमिक नदिए पछि अन्यत्र कतै केही नपाएर त्यही काम गर्न परिरहेको उनी बताउँछिन् (थापा, ३९;२०६२) ।

विधवा महिलालाई बाँच्नको लागि खानै पर्ने बाध्यतालाई परिपूर्ति गर्नका निम्ति आफ्नो ११/१२ वर्षका छोराछोरीलाई काम तथा अवसरको खोजीमा अन्यत्र पठाउने गरेको पाइन्छ । १४/१५ वर्षकी छोरीलाई छिट्टै बिबाह गरेर पठाइदिन पाए आफ्नो बोझ हल्का हुने बताउँछन् । काठमाडौं नजिक एक गाउँमा बस्ने गरेका १३ वर्षको राजुको बुबा

भिडन्तमा मृत्यु भएको थियो । उसलाई स्कुलमा साथीहरूले माओवादीको छोरा भनेर जिस्क्याइँरहेको घटनाबाट मानसिक रूपमा पीडित भएर आत्महत्या गरेको थियो ( थापा,२५;२०६२) ।

पितृ प्रधान समाज भएकोले सम्पत्तिको व्यवस्था श्रीमान् वा पुरूषबाट हुन्छ । पुरूष नभए छोराबाट । पुरूषको कामलाई बढि प्रतिष्ठा पूर्ण र महिलाको कामलाई उत्पादनहीन ठानी परिवारको निम्ति जतिसुकै हाड घोटे तापनि उनीहरूको गतिशीलता र सिर्जनशीलतामा नियन्त्रण गरिन्छ । घरायसी कार्यमा सीमित गरी अन्य पेशाबाट बञ्चित गरिन्छ ।

यसरी महिलाहरूको आर्थिक अवस्था दयनीय देखिए तापनि CEDAW को १६ नं. बुँदाले महिलामाथि हुने सबै असमान कानुन हटाउनु पर्ने र श्रीमान् श्रीमती दुबैको घरजग्गा सम्पत्तिमा स्वामित्व हुनु पर्ने कुरा उठाइएको छ । तर श्रीमान्को मृत्यु पछि कतिपय अवस्थामा भने यस्तो भएको पाइदैन । हालको संशोधनले भने विधवा महिलाको सम्पत्तिमा हक अधिकार प्राप्त गर्न ३५ वर्ष कुर्नु नपर्ने, पुर्नबिबाह गरे पनि आफ्नो सम्पत्ति लिएर जान पाउने व्यवस्था गरेको छ । यसै गरी ६० वर्ष भन्दा माथिका विधवाहरूले मासिक रू. २००० का दरले ज्येष्ठ नागरिक भत्ता पाउने, रोजगारमूलक तालिम दिएर स्वरोजगार बनाउने आदि गरेको पाइन्छ ।

### २.५ विधवा महिलाहरूको सांस्कृतिक अवस्था

नेपालको ऐतिहासिक परिवेशलाई नियाल्ने हो भने उसमा दमनको डरलाग्दो रूप ( विधवा धर्म र सती प्रथामा देखिन्छ) । विधवा धर्ममा प्रायः संसारका सबै धर्मले जोड दिएका छन् । सती प्रथा चाहिँ हिन्दु समाजको विशेषता हो । संस्कृति तथा धर्मका अन्धा नियमहरूले नारीका असन्तोष, कामवासना र विद्रोहलाई दबाउन सक्ने कुरा थिएन । लोग्ने बाँचुन्जेल डन्डाको भरमा उनीहरू बसे पनि मरे पछि कुनै बाटो पक्रन्थे । शुरूशुरूमा लोग्ने मरे पछि देवर या अरू कसैसित जाने चलन रहेको थियो, पछि ती ढोकाहरू पनि बन्द गरेर विधवा धर्म विधान बनाए भने कसैले सतीप्रथा चलाए । विधवा धर्मले नारीलाई लोग्ने मरेपछि जीवनभर उसकै नाममा अधमरा भएर बाँच्ने सल्लाह दिन्छ र सती धर्मले नारीलाई लोग्नेकै साथमा डढ्ने र गाडिने सल्लाह दिन्छ (प्रश्रित २०६३;४९) ।

उमेरमा श्रीमान् मर्ने नारीका निम्ति खुसी र मायाका हैन करकाप र बलजफतीका कुरा हुन् । कानुनको व्यवस्था भए बमोजिम संरक्षकको मञ्जुरी भएमा १८ वर्ष र संरक्षकको मञ्जुरी नभएमा २० वर्षको उमेर नपुगी बिबाह गराउनु कानुनी अपराध हो । हाम्रो समाजमा अझ पनि सानै उमेरमा अर्थात पहिलो रजस्वला हुनु भन्दा अगाडि नै छोरीलाई कन्यादान गरी बिबाह गरेमा ठूलो धर्म या पुण्य मिल्छ भन्ने सोचका कारण गरिने बिबाह बालबिबाह हो । हाम्रो समाजको मैथिली परम्परामा सानै उमेरमा बिबाह गरिदिएको फेरि केही वर्ष पछि मात्र दोस्रो बिबाह (दुरागमन) गरी लैजाने प्रचलन छ, जसको कारण दोस्रो बिबाह अगावै श्रीमान्को कुनै कारणले मृत्यु भएमा त्यस्ता महिलाहरूलाई बैकल्या वा बाल विधवा भनिन्छ । जसको अवस्था अत्यन्तै दयनीय हुन्छ । उनीहरूको जीवन न त माइती पट्टीको न त घरको अधिकार बिहीन अवस्थामा रहेको हुन्छ । खुट्टामा चप्पल नलगाइ हिड्नु, अरू जातिसँग बोल्न नपाउनु, धार्मिक तथा सांस्कृतिक कार्यमा जान नपाउने, छुट्टै बस्नु पर्ने हुन्छ । यस्ता बैकल्या महिलाहरू सप्तरी, सिराहा तथा तराई भेगका अन्य जिल्लामा पाइन्छन् । जसको कारण उनीहरूको जीवन नरक समान रहेको पाइन्छ (अस्तित्व अर्ध वार्षिक २०६७) ।

धर्म र संस्कृतिको आडमा विधवा महिलाहरू नेपाली समाजमा मात्र होइन अन्यत्र पनि पीडित भएका पाइन्छन् । उत्तरी घाना भन्ने देशमा श्रीमान्को मृत्यु हुने बित्तिकै श्रीमान्लाई घरभित्र एक्लै राखेर रूखको पातले उनको व्यक्तिगत शरीरमात्र ढाकेर एकजना वृद्धा महिलाको हातबाट एक किसिमको क्यालाबास भन्ने बिरूवा बोकेर ल्याउनु पर्दछ । जुन विधवा भएको संकेत वा चिन्ह हो र एक किसिमको रक्सी उनले पिउनु पर्दछ । श्रीमान्को क्रिया सिद्धिए पछि बिबाह गर्ने बारेमा उनलाई र अन्य पुरूषलाई सोधिन्छ । यदि चाहेमा उनैसँग बिबाह गरिदिने चलन छ तर यस्तो किसिमको परम्परामा कमै महिलाहरूको इच्छा भएको पाइन्छ (थापा, २०६२;४३) ।

दक्षिणी घानामा श्रीमान्को मृत शरीरसँगै उनको काजक्रिया प्रक्रिया नगरून्जेलसम्म मृतक लाशसँगै बस्नु पर्ने र मृत श्रीमान्को आत्मा आएर उनीसँगै यौन सम्बन्ध राख्छ भन्ने विश्वास गर्दछन् । यस्तै परम्पराहरू जाम्बिया र लिसोथो भन्ने देशमा पाइन्छन् । कतैकतै त मृत श्रीमान्सँगै एउटै ओढ्नेभित्र पनि बस्नु पर्ने हुन्छ ।

नाइजेरियामा एकल महिलाहरूलाई श्रीमान्को मृत शरीर पखालेको पानी पियाउने चलन छ र आफ्नो परिवारको सम्पत्तिमा हक जताउन श्रीमान्को दाजुभाइसँग यौन सम्बन्ध राख्न बाध्य बनाइन्छ । यस्तो परम्परालाई उनीहरू शुद्धिकरण गर्ने परम्परा मान्दछन् । कतिपय अफ्रिकन देशहरू जस्तै बोत्सवना, लिसोथो, स्वाजिल्याण्ड, जाम्बियामा श्रीमानको मृत्यु पछि विधवा महिलाको कपाल खौरेर फालेमा श्रीमानको मृत्युको अपसकुन हट्छ भन्ने विश्वास राखिन्छ । यस्तो खालको परम्परा नगरेमा उनीहरू सम्पत्तिबाट बेदखल हुने सम्भावना रहेको पाइन्छ (थापा, २०६२) ।

प्रत्येक समाजमा स्त्री र पुरूषको आदर्श र कार्यहरूको मूल्यांकन त्यस्तै समाजको संस्कृतिले निष्पक्ष रूपमा गरिदिन्छ । संस्कृतिले विविधता भएको समाजमा संस्कृतिको परिवर्तनसँगै महिलाको स्थान र भूमिकामा पनि परिवर्तन आउँछ । हिन्दु धर्म र संस्कृतिमा श्रीमतीलाई अर्धाङ्गिनी मानिन्छ । कुनै पवित्र अनुष्ठान पत्नी बिना अधुरो हुन्छ । नारीलाई शक्ति, विद्या र ज्ञानको प्रतिकको रूपमा मानिन्छ । बैद्धिक कालमा भेदभाव नगरिए तापनि इ.सं. १८५ मा मनुले स्मृति रचेर पतिलाई देवतुल्य बनाएर पत्नीका सबै अधिकारहरू खोसेर लिए । उनका अनुसार स्वास्नी मान्छे स्वभावैले कामुक, अबुझ र चरित्रहीन हुन्छे । आर्य मूलकमा पुर्खाहरूको संस्कृति पितृ सतात्मक थियो र तिनै आर्यहरूको भारत वर्षमा प्रवेश पछि नारीहरूको अवस्था सांस्कृतिक रूपमा पनि दयनीय बन्न पुग्यो (बराल, ०५३ : १५४) ।

महापुराण बाचिका विदुषी सुश्री निरा माता सापकोटाका अनुसार धर्मले सधवा र विधवा भनेर भेदभाव नगरेको बताउनुहुन्छ । उहाँका अनुसार धर्म शास्त्रले कही पनि सधवा विधवा छुट्याएको छैन (२०६१, चैत्र १२, गोरखापत्र दैनिक) ।

**२.६ केही महत्वपूर्ण प्रकाशित ग्रन्थ तथा लेखहरूको संक्षिप्त साहित्यिक पुनरावलोकन**

**क) खतरा पत्नी र पुजित छोरी**

यस पुस्तकमा ब्राह्मण क्षेत्री परिवारमा रहेको नारीको द्वैध भूमिकालाई प्रष्ट्याउन खोजिएको छ । बिबाहित महिलाहरूलाई खतरा महिला र अबिबाहित महिलालाई पुज्य दिदी बहिनीको रूपमा व्याख्या गरिएको छ । बिबाहितलाई अशुद्ध भन्दै अबिबाहितलाई उच्च स्थान दिँदै इज्जत गरिएको छ । यस पुस्तकमा श्रीमतीलाई खतरा वा दुषित र दिदी

बहिनीलाई पवित्रताका प्रतिकका रूपमा हिन्दु धर्ममा महिलालाई लिइने तथ्य उल्लेख गरिएको नारीको द्वैध भूमिकाको विषय यस पुस्तकमा सूचनाको स्रोत भएको छ (बेनेट, १९८३) ।

**ख) हिन्दु समाजमा महिलाको स्थान**

यस पुस्तकमा हिन्दु समाजको बारेमा उल्लेख गरिएको छ । हिन्दु समाजमा महिलाहरूको स्थिति कहीँ उच्च, कहीँ न्यून रहेको तर कहीँ दासी जो सधैं लोग्नेको पूजा गर्नमा मग्न होस् भनिएको छ । एउटी श्रीमतीबाट पुत्र नभए वा अन्य कारण बनाई बहु बिबाह गर्ने जस्ता कार्य उस पुस्तकमा उल्लेख छ । यस पुस्तकमा विधवा महिलाहरूको अवस्थाको बारेमा उल्लेख नभएको भए तापनि महिलाहरूको अवस्थाको बारेमा लेखिएको हुँदा यस पुस्तकको सूचनाको रूपमा मानिएको छ ।

**ग) मनुस्मृति**

मनुस्मृतिमा उल्लेख भए अनुसार महिलाहरू बालबच्चा हुँदा बाबुको युवा अवस्थामा श्रीमान् र वृद्धावस्थामा छोराको अधिनमा रहनु पर्दछ । महिलाहरूलाई कहिल्यै पनि स्वतन्त्र रूपमा छाड्न हुँदैन । पुरूषलाई वीरताको सृष्टिको रचनाकारका रूपमा हेरिएको तर महिलालाई महत्व नदिइएको पाइन्छ । "जहाँ नारीको पूजा हुन्छ, त्यहाँ देवता पनि खुसी हुन्छन्" भन्ने मनुको भनाईले परम्परादेखि नै नारीलाई ठूलो सम्मान दिइएको कुरा प्रष्ट हुन्छ । गार्गी, मैत्रेयी जस्ता स्त्रीहरूको विद्वताको प्रशंसा परम्परादेखि चल्दै आएको यस पुस्तकमा उल्लेख गरिएको छ । अर्कोतिर आफ्ना पतिको मृत्युमा सती जान पर्ने र कैयौं महिलाहरूले एउटा पुरूषसँग भोग विलासमा सहभागी हुनु पर्ने बाध्यता । महिलाको सकारात्मक र नकारात्मक पक्षहरूको बारेमा अध्ययन गरिएको हुँदा यस शोधलाई सूचनाको स्रोत मानिएको छ (चर्तुवेदी, १९९६) ।

**घ) नारीको पहिचान**

प्रस्तुत लेखमा लेखिकाले नारीलाई जुन समाजमा धनकी देवी, विद्याकी देवी मान्दछ त्यही समाजमा अन्याय र अत्याचारको घेराभित्र बाँधिएको हुन्छ भनि नारी भनेको शक्तिकी पनि देवी हो भन्ने कुरा कसैले बिर्सन हुँदैन । साथै नारीलाई एउटा शक्तिशाली महिलाको

रूपमा हेर्नु पर्ने कुराको व्याख्या गरेकी छिन् । त्यस्तै प्रस्तुत लेखमा श्रीमानको मृत्यु भएर एकल बनेका महिलाहरूलाई श्रीमानको भौतिक शरीर मरेर आफूबाट टाढा भए पनि ऊसँग बिताएको क्षणहरू, दुईबीचको प्रेम, माया, विश्वास कहिल्यै नमर्ने कुरा व्यक्त गरेकी छिन् । त्यसैले उक्त लेख यस शोधका लागि उपयुक्त सूचनाको स्रोत मानिएको छ (अस्तित्व, २०६७) ।


**ङ) एकल महिलासँगको सहयात्राको अनुभूति**

प्रस्तुत पुस्तकमा पितृ सतात्मक सोचमा जकडिएको हाम्रो समाजमा महिलाहरूलाई दोस्रो दर्जाको नागरिकको रूपमा लिइन्छ । त्यसमा पनि एकल महिलाहरूलाई त झन तेस्रो दर्जाको रूपमा । परिवारका अन्य पुरूषहरू नभएको खण्डमा मात्र एकल महिलाहरूको निर्णय प्रक्रियामा पहुँच रहन्छ भन्ने कुराको उल्लेख गरिएको छ । त्यसै गरी एक झड्काको रूपमा आउने आफ्नो जीवनसाथीको मृत्युले हरेक महिलामा निराशा र शुन्यपन छाउने हुँदा महिलाहरूको मानसिक रूपमा पनि आघात पर्ने कुराको उल्लेख गरिएको छ । त्यसै गरी विधवालाई भन्ने गरेका अति नराम्रा शब्दहरू (बोक्सी, राँडी) ले उनीहरूलाई मानसिकरूपले आघात पुऱ्याउनुका साथै चरित्रमा समेत आक्षेप देखिने हुनाले अत्यन्तै दुःखी तुल्याइरहेको कुरा पनि उक्त पुस्तकमा उल्लेख गरिएको छ । “जिन्दगीभरी साथ दिने श्रीमानको मृत्यु भए पछि उसको मृत शरीरसँगै आगोमा जलाइएमा उसको बास स्वर्गमा हुन्छ”,“ शरीरमा छायाँले जस्तो, चन्द्रमालाई चन्द्रमाको किरणले जस्तै गर्जदो मेघलाई चम्केको बिजुलीले जस्तो श्रीमानलाई सदैव पछ्याऊ ।” जस्ता भनाईहरूले गर्दा पनि श्रीमानको मृत्यु पछिको जीवन महिलाहरूको लागि अति नै कष्टकर हुन्छ भन्ने कुरालाई यस पुस्तकमा प्रष्ट्याउन खोजिएको छ । श्रीमानको मृत्यु पछि माछा मासु नखाने र महिनामा एकदिन जस्तो श्रीमानको नाममा ब्रत बस्नुपर्ने र कतिपय ठाउँमा सूर्य अस्ताए पछि खान नहुने र अरूले छोएको पनि खान नहुने जस्ता नियमहरूले गर्दा पनि एकल महिलाहरूको स्वास्थ्य निक्कै नराम्रो कमजोर पाइएको छ भन्ने जस्ता कुराहरूको बारेमा उक्त पुस्तकमा व्याख्या गरिएको छ । एकल महिलाहरूको सामाजिक अवस्था तथा उनीहरूले गर्न हुने र नहुने अवस्थाको बारेमा अध्ययन गरिने हुनाले उक्त पुस्तक यस शोधका लागि राम्रो सूचनाको स्रोत बन्न पुगेको छ (थापा,२०६२) ।

**साहित्य समिक्षाको सार**

एकलमहिलाहरू परिवार तथा समाजबाट बिभिन्न किसिमका हिंसाहरू सहन बाध्य छन् । उनीहरूप्रति समाजले समान अवसर तथा सम्मानजनक व्यवहार प्रदान गर्न नसक्नु, धर्मलाई आधार मानेर कानून तयार हुनु र ग्रामीण समाज उही रूढीवादी परम्परा र अन्धविश्वासमा नै जकडिएर रहन बाध्य हुनु, सामाजिक, आर्थिक तथा सांस्कृतिक अवस्था कमजोर रहनु, महिला निसन्तान वा विधवा वा गरीब भएमा बोक्सीकोआरोप लाग्नु, ९० प्रतिशत महिलाहरू कृषिमा सहभागी हुनु, अनुत्पादनशील घरधन्धामा सारा समय बिताउनु महिलाहरू प्रतिका अवनतिका पाटाहरू हुन् । इतिहासदेखि सतीका रूपमा पुरूषको लाससंगै जल्नु पर्ने समस्याहरू हालको एक्काइसौं शताब्दीसम्म आइपुग्दा तथा पुनर्जागरणको प्रभाव र सन् ६० को दशकपछि भने केही परिवर्तित कानूनहरू जस्तै : विधवा महिलाको अंश सम्बन्धी हक, छुट्टै बस्न र पुनर्विवाह गर्न पाउने व्यवस्थाहरू भएता पनि महिलाहरू पुरूषको बोलाबाला स्वीकार्न बाध्य हुन्छन् साथै उनीहरूको यौनिकता गतिशिलता तथा सम्पत्तिमा पुरूषहरूकै नियन्त्रण रहेको पाइन्छ । छोराको चाहना श्रीमतीलाई अपवित्र र आमा तथा अविवाहित छोरीलाई पवित्र ठान्ने विधवा महिलाहरूलाई शुभकार्यमा संलग्न नगराइनु जस्ता किसिमका दोहोरो खालका चरीत्रले प्रश्रय पाउनु, महिलाहरूलाई तेश्रो दर्जाको रूपमा हेरिनु,शिक्षा, चेतनाको स्तरमा कमि महिला सशक्तिकरण हुन नसक्नुलाई पनि बाधाहरूको रूपमा लिन सकिन्छ । बैद्धिक काल तथा प्राचीन कालमा  अन्य कालको भन्दा महिलाहरूका लागि उज्यालो भएता पनि उत्तर बैद्धिक कालमा श्रीमान् मरेपछि उनले दोश्रो विवाह गर्न नहुने र संधैभरी सेतो पोशाकमा रहनुपर्ने धारणा रहेको पाइन्छ । हिन्दू धर्ममा जस्तो बौद्ध धर्ममा लैङ्गिक बिभेद छैन बिधवा महिलाहरूमा केवल २ प्रतिशतले मात्र उच्च शिक्षा हांसिल गरेका छन् । नेपालको संविधानले पनि लैङ्गिक भेदभावलाई निशेध गरेको छ भने सुरक्षित मातृत्व तथा प्रजनन् स्वाश्थ्य र समावेशी अवसर प्रदान गरेको देखिन्छ । त्यस्तै महिला सशक्तिकरण सम्बन्धी हालसम्म आमाको नामबाट नागरिकता सम्पत्तिमा छोरीको अधिकार, सार्वजनिक सेवामा ३३ प्रतिशत आरक्षण लगायत जग्गा किनबेचमा २५ प्रतिाशत छुटको व्यवस्था गरेको छ ।

**विधवा महिलाहरूको अध्ययनका लागि तयार पारिएको अवधारणात्मक ढांचा**




यसरी एकल -विधवा महिलाहरूको सामाजिक, आर्थिक तथा सांस्कृतिक अवस्था तथा संलग्नताको बारेमा अध्ययन गर्ने प्रयास गरिएको छ । सम्पत्तिमा पुरूषको अधिकार, महिलाहरूको गतिशिलता र सिर्जनशिलतामा नियन्त्रण, शैक्षिक योग्यता र तालिमको अभाव, कृषि र घरधन्धा बाहेक अन्य पेशा, शिक्षाबाट बञ्चित, समाजमा विधवाहरूको स्थिति कमजोर धार्मिक, सांस्कृतिक, आर्थिक निर्धारक पुरूषहरू नै हुने कारणले उनीहरू पहिरन लगाउन तथा शुभ कार्यमा संलग्न हुन तथा एकल महिला मैत्री हुन नसकिरहेको अवस्थामा समयानुकूल परिवर्तन हुन आवश्यक छ । यसकारण एकल महिलाहरूको स्थिथि अध्ययनका लागि यो अवधारणात्मक ढांचा तयार गरिएको हो ।

## अध्याय-३

## अनुसन्धान विधि

यस खण्डमा अनुसन्धानका लागि गरिने अध्ययन विधिको बारेमा चर्चा गरिएको छ । जस अन्तर्गत५३ जना(एकल) विधवा महिलाहरूलाई समावेश गरिएको छ । तुलनात्मक अध्ययन विधि, अन्वेषणात्मक पद्धतिबाट यस शोध कार्यलाई मूर्त रूपदिने प्रयास गरिएको छ ।

### ३.१. अध्ययन क्षेत्र छनोटको औचित्य

अनुसन्धानको विषयवस्तु सामाजिक परिवेशमा केन्द्रित रहेको हुनाले यस अध्ययनलाई उपयूक्त तवरले सम्पन्न गर्न सोलुखुम्बु जिल्लाको नेचा बेतघारी गा.वि.स.को वडा नं. २ र ३ क्षेत्रलाई अध्ययन स्थलको रूपमा लिइएको छ । अध्ययनको विषय र उपयुक्त अनुसन्धान गर्दा अध्ययन क्षेत्रको तालमेल मिलाएर अध्ययन गर्दा भौगोलिक अध्ययन सहज र सरल रूपमा सम्पन्न हुने गर्छ । तसर्थ विधवा महिलाहरूको सामाजिक, आर्थिक तथा सांस्कृतिक अवस्था केलाउने क्रममा उक्त स्थानलाई उपयुक्त स्थलको रूपमा छनोट गरिएको छ । हुनत यस गा.वि.स.को जुनसुकै वडाका विधवा महिलाहरूको अध्ययन गर्न सकिन्थ्यो तर यो ठाउँमा क्षेत्री ब्राह्मणहरूको घना वस्ती रहेको र यस क्षेत्रका विधवा महिलासँग शोध कर्ता परिचित भएको कारण अध्ययन क्षेत्रको रूपमा छनोट गरिएको छ ।

### ३.२. अध्ययनको ढाँचा

यस अध्ययनमा मुख्यतः विषयवस्तुलाई वर्णनात्मक तरिकाबाट प्रष्ट्याउने प्रयास गरिएको छ । जसले विधवा महिलाहरूको सामाजिक,आर्थिक, सांस्कृतिक अवस्था, समाजप्रतिको धारणा सम्बन्धमा अन्वेषण र वर्णन गरिएको छ ।

### ३.३ अध्ययनको समग्रता

सोलखुम्बू जिल्ला अन्तरगत पर्ने नेचा बेतघारी गाविस को २०६८ को जनगणना अनुसार जम्मा ८३८ घरधुरीहरू रहेका छन् । जसमा १७५३ पुरूष र १९७८ महिलाहरू गरी जम्मा ३७३१ जनसंख्या रहेको छ । जनसंख्या वृद्धिदर -०.८१ रहेको छ भने औसत परिवार सदस्य संख्या ४.४५ रहेको छ । सोही अन्तरगत वडा नं . २ र ३ का एकल

महिलाहरूलाई अध्ययनको क्षेत्र बनाइएको हो । अध्ययनको समयमा उक्त क्षेत्रमा जम्मा ५३ जना विधवा महिलाहरू भेटिएका थिए । अध्ययन क्षेत्रको कूल जनसंख्या २११७ मध्ये पुरूषको संख्या ९८८ र महिलाको संख्या १४७८ रहेको पाइयो । उक्त समग्र एकाइमा जनगणना विधिको प्रयोग गरी ५३ जना एकल महिलासँग नै अन्तरवार्ता लिइएकोलेयो नमूना छनोट समग्रतामा आधारित छ ।

### ३.४ तथ्यांकका स्रोतहरू

यस अध्ययनमा प्राथमिक र द्वितीय दुबै तथ्यांकहरूको प्रयोग गरिएको छ ।

#### ३.४.१ प्राथमिक तथ्यांक

अध्ययन क्षेत्रमा विधवा महिलाहरूबाट स्थलगत निरीक्षण गरी अनुसूचीको आधारमा निर्मित प्रश्नावलीको प्रयोगद्वारा प्रत्यक्ष अन्तरवार्ता, सहभागी तथा असहभागी अवलोकन, अनौपचारिक अन्तरवार्ताको माध्यमबाट सत्यतथ्य कुराहरू लिइएको छ ।

#### ३.४.२ द्वितीय तथ्यांक

स्वदेशी तथा विदेशी विद्वान तथा समाजशास्त्री, मानवशास्त्री, विभिन्न संघसंस्थाहरूबाट प्रकाशित पुस्तक, लेख, रचना, जर्नल, पत्रपत्रिका तथा शोधपत्रहरू

### ३.५. तथ्यांकको प्रकृति

यस अध्ययनमा संख्यात्मक तथा गुणात्मक दुबै पक्षलाई प्राथमिकता दिइएको छ । संख्यात्मक पक्ष अन्तर्गत परिवारमा सदस्य संख्या उमेरको आधारमा वर्गिकरण, शैक्षिक स्थिति आदि बारे समेटिएको छ भने गुणात्मक पक्ष अन्तर्गत महिलाको स्थान, सामाजिक चालचलन आदि पक्षलाई समेटिएको छ ।

### ३.६. तथ्यांक संकलन विधि

यस अध्ययनमा नमूना संकलनमा परेका पक्षहरूमा निम्न लिखित साधन तथ्यांक संकलनमा प्रयोग गरिएको छ ।

#### ३.६.१ अनुसूची

अध्ययन क्षेत्रका उत्तरदाताहरूको सामाजिक, आर्थिक तथा सांस्कृतिक अवस्था र संलग्नताको विषयलाई पूर्णता दिनका लागि आवश्यक परिवर्त्यहरूको परिपूर्तिका लागि सत्य

तथ्य स्रोत प्राप्त गर्न उत्तरदाताको विस्तृत विवरण प्राप्त हुने खालका खुला र बन्द दुवै किसिमका संरचित र असंरचित प्रश्नावलीहरूको प्रयोग गरिएको छ ।

### ३.६.२ अन्तरवार्ता

प्राथमिक तथ्यांक संकलनको लागि स्वयम् विधवा महिलाहरूलाई भेटी उनीहरूका मनोभावनाहरू बुझी स्थलगत सर्वेक्षणका क्रममा अन्तरवार्ता लिई उनीहरूका बारेमा तथ्यांक संकलन गरिएको थियो । अन्तरवार्ता लिनका लागि अन्तरवार्ता अनुसूची तयार गरी संरचित अन्तरवार्ता लिइएको थियो । उक्त अनुसूची १ मा रहेको छ । पहिलो खण्डमा सामाजिक दोस्रो खण्डमा आर्थिक र तेस्रो खण्डमा सांस्कृतिक अवस्थाको बारेमा अनुसन्धान गरिएको छ ।

### ३.६.३ वैयक्तिक अध्ययन

यस अध्ययनलाई पूर्णता दिनका लागि संपूर्ण तथ्यहरू प्रश्नावली तथा अन्तर्वार्ताबाट मात्र पर्याप्त नहुने हुंदा सम्बन्धित क्षेत्रको स्थलगत अवलोकन र व्यक्तिगत अवधारणाको अध्ययनका बारे थाहा पाउन र गुणात्मक सूचना संकलनका लागि २जना  उत्तरदाताहरूको वैयक्तिक अध्ययन गरी उनीहरूको दिनचर्या, उनीहरूलाई परिवारले हेर्ने दृष्टिकोणको बारेमा अध्ययन गरिएको छ । वैयक्तिक अध्ययन गर्ने क्रममा पहिला अरू सरह अन्तरवार्ता लिइएको थियो । बृद्ध अवस्थाका १ जना र प्रौढ अवस्थाका १ जनासँग वैयक्तिक अध्ययन गरिएको थियो । विधवा प्रतिको परम्परागत सोचाइमा आएको परिवर्तन व्याख्या गर्ने खालको भएकोले वैयक्तिक अध्ययन गरिएको हो । खासगरी सर्वेक्षणबाट आएका तथ्यांकहरूलाई व्याख्या विश्लेषण गर्ने क्रममा उपयुक्त हुने खालका व्यक्तिहरू छनोट गरी वैयक्तिक अध्ययन गरिएको थियो । उदाहरणको लागि उनीहरूसँग कतिपय अनौपचारिक छलफल, परिवारसँगको व्यवहार, आर्थिक स्थिति आदिका बारेमा बताएका थिए । यस्ता जानकारी सबै गुणात्मक तथा विवरणात्मक थिए । अध्ययनको क्रममा सम्पूर्ण तथ्यहरू प्रश्नावली तथा अन्तरवार्ताबाट मात्र पर्याप्त नहुने हुँदा सम्बन्धित क्षेत्रको स्थलगत अवलोकन तथा वैयक्तिक अध्ययनले तथ्यांकलाई पूर्णता दिन सहयोग पुऱ्याउँछ ।

### ३.७. तथ्यांकको वर्गिकरण तथा सम्पादन

अध्ययन क्षेत्रबाट प्राप्त विभिन्न सूचना तथा तथ्यांकहरूलाई तिनीहरूको प्रकृति अनुसार वर्गिकरण गरी संख्यात्मक प्रकृतिको तालिकाद्वारा देखाइएको छ । गुणात्मक प्रकृतिको तथ्यांकहरूलाई वर्णनात्मक विश्लेषण गरी यी दुई प्रकृतिका तथ्यांकहरूलाई आवश्यक स्थानमा प्रस्तुत गरिएको छ । यसै गरी यस्ता सूचनाहरूलाई प्राप्त स्रोतको आधारमा वर्गिकरण गरी सम्पादन गरिएको छ ।

### ३.८. तथ्यांकको प्रस्तुती तथा विश्लेषण

अध्ययनको क्रममा प्राप्त विभिन्न तथ्यांकहरूलाई आवश्यकता अनुसार संख्यात्मक तथा गुणात्मक रूपमा प्रस्तुत गरिएको छ । यो शोध अनुसन्धानको क्रममा उपलब्ध भएका विषयवस्तुसंग सम्बद्ध पुस्तक, पत्रपत्रिकाको अलावा अध्ययन स्थलबाट प्राप्त तथ्याङ्कहरूको उचित रूपमा सङ्कलन, सम्पादन तालिकीकरणद्वारा उचित महत्वका साथ तथ्याङ्कलाई संख्यात्मक प्रतिशतमा प्रस्तुत गरिएको छ । सामान्यतया संख्यात्मक रूपमा प्रस्तुत गरिने तथ्यांकलाई साधारण तालिकामा संख्या र प्रतिशतको रूपमा व्याख्या र विश्लेषण गरिएको छ ।

### ३.९ अध्ययनका सीमाहरू

कुनै पनि अध्ययन अनुसन्धान प्रक्रिया एउटा जटिल कार्य हो । प्रत्येक अनुसन्धानको विषय पूर्ण रूपमा उठान गर्न समय, श्रम, लागत, भौगोलिक अवस्था, सम्बन्धित पात्रहरूको भावनात्मक सम्मान आदिका कारण सम्भव छैन । तसर्थ सम्बन्धित विषयको अध्ययन गर्दा सीमाहरू निर्धारण गर्नु पर्ने हुन्छ । अझ यो शैक्षिक अध्ययन भएको कारणले पनि यसका आफ्नै सीमाहरू रहेका छन् । समय र स्रोतका कारण पनि अध्ययन सीमित स्थान र समयमा सम्पन्न गर्नु पर्ने हुन्छ । यसरी सीमाहरूको निर्धारण गर्नु पर्ने कारण समय र आर्थिक पक्ष नै प्रमुख हो । त्यसैले प्रस्तुत अध्ययनमा नेपालको एउटा सानो क्षेत्रमा रहेका विधवाहरूको सामाजिक, आर्थिक तथ साँस्कृतिक अवस्थाको चित्रण गर्न खोजिएको छ र यो अध्ययन खास गरी त्रिभुवन विश्वविद्यालय समाज शास्त्र केन्द्रीय विभागको स्नातकोत्तर तहको शोध पत्रको लागि मात्र तयार पार्न लागिएको हो । यस अध्ययनमा नेपाल भरी छरिएर रहेका विधवा महिलाहरूको सामुहिक अवस्था उजागर गर्न नसकिए तापनि

सोलुखुम्बु जिल्ला नेचा बेतघारी गा.वि.स. वडा नं. २ र ३ मा बसोबास गर्ने विधवा महिलाहरूको सामाजिक, आर्थिक तथा साँस्कृतिक अवस्था साथै समाजले उनीहरूलाई हेर्ने दृष्टिकोण र सहभागितालाई जस्ताको तस्तै उतार्ने प्रयास गरिएको छ । यो एउटा सानो क्षेत्रमा गरिने अध्ययन भएकाले यहाँबाट प्राप्त परिणाम तथा निष्कर्षहरू सबै ठाउँमा सामान्यिकरण नहुन पनि सक्छन् । यद्यपि यसबाट प्राप्त सूचनाहरूले सम्बन्धित पक्षलाई सहयोग गर्ने छ ।

- प्रस्तुत अध्ययन सोलुखुम्बु जिल्लाको नेचा बेतघारी २ र ३ मा मात्र केन्द्रित छ ।
- उक्त स्थानमा रहेका विधवा महिलाहरूको सामाजिक, आर्थिक, साँस्कृतिक स्थितिलाई अध्ययन अनुसन्धान गरी यसैको आधारमा निष्कर्ष निकालिएको छ जुन कुरा सबै स्थानमा नमिल्न सक्छ ।
- प्रस्तुत अध्ययन सम्पूर्ण देशभरि उत्तिकै रूपमा लागू नुहुन सक्छ ।
- प्रस्तुत अध्ययनमा मुख्य रूपमा स्थलगत अध्ययनबाट संकलन गरिएका प्राथमिक तथ्यांकहरू प्रयोग गरिएको छ । उनीहरूबाट प्राप्त लिखित तथा मौखिक जानकारीको आधारमा निष्कर्ष निकालिएकोले उक्त निष्कर्ष सम्बन्धित स्रोतहरूको विश्वासनीयतामा आधारित छ ।
- प्रस्तुत अध्ययन प्रश्नावली, अन्तरवार्ता, प्रत्यक्ष्य अवलोकन र वैयक्तिक अध्ययनमा आधारित रहेको छ ।
- प्रस्तुत अध्ययन जम्मा ५३ जना विधवा महिलाहरूमा आधारित भएकोले ब्राह्मण क्षेत्री तथा अन्य जातका अन्य विधवा महिलासँग प्रतिनिधित्व नगर्न सक्छ ।
- अध्ययनमा संलग्न उत्तरदाताहरूको सामाजिक आर्थिक तथा सांस्कृतिक अवस्थाको अध्ययन गर्ने क्रममा छनोट गरिएका परिवर्त्यहरू र तिनीहरूको परिभाषा र मापन अध्ययन क्षेत्रको विशेषताको आधारमा निर्धारित गरिएको हुनाले अन्य क्षेत्रका विधवाहरूको अध्ययन गर्नका लागि ती परिभाषाहरू र मापन हुबहु उपयोगी नहुन सक्छन् ।

यस अध्ययनको क्षेत्र सोलुखुम्बू जिल्ला नेचा बेतघारी गा.वि.स. वडा नं. २ र ३ रहेको छ भने यस अध्ययनका उद्देश्यहरूमाविधवा महिलाहरूको सामाजिक, आर्थिक र सांस्कृतिक अवस्था पत्ता लगाउने तथा विधवा हुनु अगाडि र भैसकेपछिको परिवार र समाजको अपेक्षा, दृष्टिकोण र व्यवहारको व्याख्या र विश्लेषण गर्ने रहेको छ । यस अध्ययनमा तथ्याङ्क सङ्कलनमा प्रश्नावली तथा अन्तर्वार्ता विधिको प्रयोग गरिएको छ । यसरी समाजमा केही एकल महिलाहरूको अवस्था खराव हुँदैमा सबैलाई सामान्यीकरण गर्न मिल्दैन । किनभने प्राप्त तथ्याङ्कलाई केलाएर हेर्दा केही एकल महिलाहरूको अवस्था बिधवा भैसकेपछि पनि सबल रहेको पाइयो भने कतिपयले विधवा भैसकेपछि आफुलाई नितान्त भिन्न भएको पाइयो । समग्रमा ग्रामीण क्षेत्र अशिक्षित समाज, उत्तरदाताहरूमा रहेको चेतनाको कमिका कारण परम्परागत सोचमा परीवर्तन आउन नसकेको आभास हुन्छ ।

# अध्याय-४

# तथ्यांकको विश्लेषण तथा प्रस्तुतीकरण

## उत्तरदाताहरूको सामाजिक, आर्थिक तथा सांस्कृतिक अवस्था

### ४.१. सामाजिक अवस्था

समाज विभिन्न एकाइहरूको अन्तरक्रियात्मक व्यवस्था हो र प्रत्येक एकाइहरूको आ-आफ्नो स्थान र कार्य हुन्छ । त्यसैले समाज एउटा व्यवस्था हो भन्न सकिन्छ । यसभित्र सामाजिक, आर्थिक, साँस्कृतिक, राजनैतिक तथा धार्मिक व्यवस्थाहरू रहेका हुन्छन् । कुनै पनि समाजको अध्ययन गरेर त्यस समाजमा रहेका व्यक्तिहरूको सामाजिक, आर्थिक तथा सांस्कृतिक अवस्था कस्तो छ भनेर थाहा पाउन सकिन्छ ।

यस शोध कार्यमा खास गरी अध्ययन क्षेत्रका एकल (विधवा) महिलाहरूको सामाजिक, आर्थिक, तथा सांस्कृतिक अवस्था, परिवारको स्थिति, उमेर समूह, शैक्षिक अवस्था, जातिगत अवस्था, घरमुलीको अवस्था, विधवा हुँदाको अवस्था आदि कुराहरूको अध्ययन गरिएको छ ।

अध्ययन क्षेत्रका उत्तरदाताहरूको सामाजिक, आर्थिक तथा सांस्कृतिक अवस्थाको व्याख्या गर्ने क्रममा छनोटमा परेका ५३ जना विधवा महिलाहरूलाई संरचित तथा असंरचित प्रश्नावली फाराम भराएर तथा अन्य आवश्यक जानकारीहरू जस्तैः अन्तरवार्ता, प्रत्यक्ष अवलोकन, वैयक्तिक अध्ययन आदिबाट उनीहरूको सर्वेक्षण गर्ने कार्य सम्पन्न गरिएको छ । उत्तरदाताहरूबाट प्राप्त गरेको तथ्यांकलाई विभिन्न माध्यमबाट प्रस्तुती, व्याख्या र विश्लेषण गरिएको छ ।

### ४.१.१. पारिवारिक विवरण

अध्ययन क्षेत्रका एकल महिलाहरूको परिवारको पारिवारिक स्थितिलाई ५ ओटा उमेर समूहमा विभाजन गरेर अध्ययन गरिएको छ । (०-५, ६-१५, १६-४५,४६-६० र ६० भन्दा माथि) तिनीहरूमध्ये सबैभन्दा बढि १६ देखि ४५ वर्षका मानिसहरू रहेका छन् र तिनीहरूको लिङ्ग र उमेर अनुसारको जनसंख्याको स्थितिलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ४.१: उत्तरदाताको पारिवारिक विवरणको आधारमा परिवार सदस्य संख्या**

| उमेर समूह | महिला | पुरूष | जम्मा |
|---|---|---|---|
| ०-५ | १० | ०७ | १७ |
| ६-१५ | २५ | २६ | ५१ |
| १६-४५ | ५४ | ४६ | १०० |
| ४६-६० | १३ | ०५ | १८ |
| ६० माथि | २२ | - | २२ |
| जम्मा | १२४ | ८४ | २०८ |

स्रोत: स्थलगत सर्वेक्षण-२०७३

तालिका नं. ४.१ अनुसार अध्ययनक्षेत्रमा उत्तरदाताहरूको पारिवारिक संख्याको स्थितिलाई हेर्दा जम्मा जनसंख्या २०८ जना जसमा पुरूषको संख्या ८४ र महिलाको संख्या १२४ रहेको पाइयो । जसमध्ये १६ देखि ४५ वर्ष उमेर समूहका (पुरूष ४६ र महिला ५४) जना र सबैभन्दा कम ०-५ वर्ष उमेर समूहका १७ जना रहेको पाइयो ।

यसबाट के निश्कर्षमा पुग्न सकिन्छ भने १६ देखि ४५ वर्ष मूनिका युवा तथा प्रौढ सदस्यहरूको सङ्ख्या सबैभन्दा बढी रहेकोले बढी उत्तरदायित्व बहन गर्नसक्ने जनशक्ति रहेको देखिन्छ । किनकी अधिकांश उत्तरदाताहरूको कम उमेरमा नै बिवाह भएको र श्रीमान्को उमेर पनि बढी भएको जुन परम्परागत पित्रृप्रधान सामाजिक सोचको उपज हो ।

### ४.१.२. जातजातिगत अवस्था

सामाजिक अध्ययनको सिलसिलामा विभिन्न जातजातिहरूको अध्ययन गर्नु महत्वपूर्ण मानिन्छ । यस क्षेत्रमा पनि विभिन्न किसिमका जातजातिहरू बसोबास गरिरहेको पाइयो । जातिगत अवस्थाले विभिन्न पक्षहरूलाई प्रभाव पार्ने भएकाले यस क्षेत्रमा रहेका उत्तरदाताहरूको जातिगत विवरणलाई यसप्रकार देखाइएको छ ।



Formatted Table

**तालिका नं. ४.२: जातजातिगत आधारमा उत्तरदाताहरू**

| जातजाति | उत्तरदाताहरू | |
|---|---|---|
| | संख्या | प्रतिशत |
| ब्राह्मण | २५ | ४७.२० |
| क्षेत्री | १८ | ३४.०० |
| जनजाति | ३ | ५.७० |
| दलित | ७ | १३.२० |
| जम्मा | ५३ | १०० |

स्रोत: स्थलगत सर्वेक्षण-२०७३

तालिका नं.४.२ अध्ययन गर्दा सबैभन्दा बढि ब्राह्मण २५ जना ४७.२० प्रतिशत, क्षेत्री १८ जना ३४.०० प्रतिशत, दलित ७ जना १३.२० प्रतिशत र जनजाति ३ जना ५.७० प्रतिशत रहेको पाइयो ।

यसबाट के निश्कर्षमा पुग्न सकिन्छ भने जुन समाजले कट्टरताको दृष्टिकोणले विधवा महिलालाई हेर्ने गरेको पाइन्छ त्यही समाजको यहाँ बाहुल्यता रहेको छ र उनीहरू दशै, तिहार, तीज, माघे संक्रान्ति, चैते दशैं जस्ता चाडपर्वहरू मनाउँछन्भने किरांतहरू साकेवा सिली सेग्रो सिली चण्डी नाच र बौद्धधर्मावलम्वीहरू ल्होसार मनाउने गर्दछन् । ५३ जना उत्तरदाताहरूमध्ये ५० जना हिन्दू धर्म मान्ने, २ जना किंरात धर्म मान्ने र एक जना बौद्ध धर्ममा आस्था राख्ने पाइयो ।

### ४.१.३ श्रीमान्को मृत्युको कारण

अध्ययन क्षेत्रका उत्तरदाताहरूको श्रीमान्को मृत्यूको कारणलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।



Formatted Table

**तालिका नं. ४.३:उत्तरदाताहरूको श्रीमान्को मृत्युको कारणको विवरण**

| विवरण | उत्तरदाताहरू | |
|---|---|---|
| | संख्या | प्रतिशत |
| दुर्घटना | ४ | ७.५३ |
| काल गति | २८ | ५२.८० |
| दम | ७ | १३.२० |
| आत्महत्या | ५ | ९.४० |
| क्यान्सर | ३ | ५.७० |
| मुटुको रोग | ६ | ११.३० |
| जम्मा | ५३ | १०० |

स्रोत: स्थलगत सर्वेक्षण-२०७३

तालिका नं. ४.३ अध्ययन गर्दा उत्तरदाताहरूको श्रीमानको मृत्युको मुख्य कारण काल गति २८ जना (५२.८० प्रतिशत), दमबाट ७ जना (१३.२० प्रतिशत), मुटुको रोग ६ जना (११.३० प्रतिशत), आत्महत्या ५ जना (९.४० प्रतिशत), दुर्घटना ४ जना (७.५३ प्रतिशत) र क्यान्सर ३ जना (५.७० प्रतिशत) रहेको पाइयो ।

यस तालिकाबाट के निश्कर्षमा पुग्न सकिन्छ अधिकांश उत्तरदाताका श्रीमान्हरू कालगतिले मृत्यू भएको पाइयो भने अन्य कारणहरू कमै पाइयो ।

### ४.१.४ विधवा हुँदाको उमेर

यस शोध पत्रको अध्ययनको क्रममा उत्तरदाताहरूको अध्ययन गर्दा उनीहरू विधवा हुँदाको उमेरलाई पनि अध्ययनमा समावेश गरिएको छ ।

Formatted Table

**तालिका नं. ४.४: विधवा हुँदाको उमेरका आधारमा उत्तरदाताहरू**

| उमेर समूह (वर्षमा) | उत्तरदाताहरू | |
|---|---|---|
| | संख्या | प्रतिशत |
| २१-३० | १ | १.९० |
| ३१-४० | ११ | २०.७५ |
| ४०-५० | २६ | ४९.०६ |
| ५१-६० | ९ | १७.०० |
| ६०+ | १२ | २२.६४ |
| जम्मा | ५३ | १०० |

स्रोत: स्थलगत सर्वेक्षण-२०७३

तालिका अनुसार कुल ५३ जना उत्तरदाता महिलाहरूमध्ये २१ देखि ३० वर्षभित्र विधवा हुने १ जना (१.९० प्रतिशत), ३१ देखि ४० वर्षभित्र  वर्षभित्र विधवा हुने ११ जना (२०.७५ प्रतिशत), ४१ देखि ५० वर्षभित्र विधवा हुनेहरू २६ जना (४९.०६ प्रतिशत) पाइयो भने ५१ देखि ६० वर्षको उमेरमा विधवा हुनेहरू ९ जना (१७ प्रतिशत) पाइयो ।

यस तालिकाबाट के निष्कर्षमा पुग्न सकिन्छ भने अधिकांश उत्तरदाताहरू प्रौढ अवस्थामा र केही उत्तरदाताहरू युवा अवस्थामा नै विधवा भएका रहेछन् । यसरी अधवैसे उमेरमा पति विहिन भएर रहनुलाई अत्यन्तै दर्यनीय अवस्था मान्न सकिन्छ ।

### ४.१.५ उत्तरदाताहरूको शैक्षिक अवस्था

मानव विकासको लागि शिक्षा अति नै महत्वपूर्ण आधार हो । शिक्षाले नै मानिसको चौज्ञतर्फी विकास गरेर जीवनलाई स्ववलम्बी, आत्म निर्भर आत्म विश्वास बढाउन सार्थक भूमिका खेल्दछ । अशिक्षा नै सबै समस्याको जड भएको कारणले शिक्षा बिना त्यसमा पनि महिला शिक्षा बिना देश विकासको कल्पना गर्न सकिन्न । संसारमा भएका विकास निर्माण तथा वैज्ञानिक चमत्कार शिक्षाकै कारणले गर्दा भएका हुन् । त्यसैले शिक्षालाई हरेक क्षेत्रको आधारभूत आवश्यकता मानिन्छ । शिक्षा बिना समुन्नत समाज बन्न सक्दैन । त्यस कारण कुनै पनि समाजको वर्ग विशेषको सामाजिक अवस्थाको अध्ययन गर्दा शैक्षिक अवस्थालाई प्रमुख स्थान दिनु पर्दछ । नेपालको परम्परागत रूढिवादी सोचाइले छोरीलाई शिक्षा दिनु पर्छ भन्ने धारणा थिएन । हाल प्रौढ अवस्था पार गरेका महिलाहरूले पनि साक्षर बन्न त्यत्ति चासो नदिएको पाइयो । अध्ययन क्षेत्रका उत्तरदाताहरूको शैक्षिक अवस्थाको सम्बन्धमा अध्ययन गर्दा प्राप्त तथ्यांकलाई तल देखाइएको छ ।



Formatted Table

**तालिका नं. ४.५: शैक्षिक अवस्थाको आधारमा उत्तरदाताहरू**

| शैक्षिक स्थिति | उत्तरदाताहरू | |
|---|---|---|
| | संख्या | प्रतिशत |
| निरक्षर | ४३ | ८१.८३ |
| साधारण लेखपढ | ७ | १३.२१ |
| कक्षा सात पास | २ | ३.७७ |
| कक्षा दस पास | १ | १.८९ |
| जम्मा | ५३ | १०० |

स्रोत: स्थलगत सर्वेक्षण-२०७३

तालिका नं.:४.५ अनुसार अध्ययन गर्दा अध्ययन क्षेत्रका उत्तरदाताहरूको शैक्षिक अवस्थालाई हेर्दा कति पनि लेखपढ गर्न नसक्ने ४३ जना (८१.८३ प्रतिशत), साधारण लेखपढ गर्न सक्ने ७ जना (१३.२१प्रतिशत),कक्षा ७ सम्म अध्ययन गरेका २ जना (३.७७ प्रतिशत) र कक्षा दश सम्म अध्ययन गर्ने १ जना (१.८९ प्रतिशत रहेको पाइयो । उपरोक्त विवरणले महिलाहरूको शैक्षिक स्तर कमजोर भएकाले चेतनाको स्तरमा पनि कमि आएको निष्कर्ष निकाल्न सकिन्छ ।

**तालिका नं.४.६ : श्रीमानको शैक्षिक स्तरको आधारमा उत्तरदाताहरू**

| **शैक्षिक स्थिति** | **उत्तरदाताहरू** | |
|---|---|---|
| | **संख्या** | **प्रतिशत** |
| निरक्षर | १३ | २४.५३ |
| साधारण लेखपढ | १९ | ३५.८० |
| पाँच कक्षा पास | ४ | ७.५५ |
| आठ कक्षा पास | १३ | २४.५३ |
| टेष्ट पास | ३ | ५.६६ |
| बि.ए. पास | १ | १.८९ |
| जम्मा | ५३ | १०० |

स्रोत: स्थलगत सर्वेक्षण-२०७३

तालिका नं. ४.६ मा उल्लेख भए अनुसार ७५.५३ प्रतिशत साक्षर र बाँकी २४.५३ प्रतिशत निरक्षर पाइयो । उनीहरूको शैक्षिक स्तर कक्षा १ देखि बि.ए.सम्म पास गरेको पाइयो । उत्तरदाताहरूको श्रीमान्को शैक्षिक स्तरलाई उत्तरदाताको शैक्षिक स्तरसँग तुलना

Formatted Table

Formatted Table

गर्दा उनीहरू साधारण लेखपढ गर्न सक्ने ७ जना १३.२१ प्रतिशत कक्षा ७ सम्म अध्ययन गरेका २ जना ३.७७ प्रतिशत र १० कक्षा सम्म उत्तीर्ण १ जना ३.७७ प्रतिशत र उनीहरूका छोराछोरीहरूमा १० जना निरक्षर १८.८७ प्रतिशत, साधारण लेखपढ गर्नसक्ने ४३ जना ३३.८० प्रतिशत, कक्षा ५ सम्म पढ्ने १६ जना १२.३१ प्रतिशत कक्षा ८ सम्म अध्ययन गर्ने ७ जना ५.३८ प्रतिशत, टेष्ट पास गर्ने १८ जना १४.८५ प्रतिशत, एस.एल.सि.पास गर्ने २३ जना १७.६९ प्रतिशत, दश जोड दुई पास गर्ने ९ जना ६.६९ प्रतिशत र स्नातक तह पास गर्ने जम्मा ३ जना २.३१ प्रतिशत पाइनुबाट उत्तरदाताको भन्दा उनीहरूको श्रीमान्को साक्षरता र शैक्षिक स्तर उच्च रहेकोबाट के निश्कर्षमा पुग्न सकिन्छ भने उत्तरदाताका श्रीमान्हरू उनीहरूभन्दा बढी शिक्षित रहेकोबाट महिलाहरू शिक्षाको पँहुचबाट पछाडि रहेको तथ्य प्रष्ट हुन्छ ।

### ४.१.६ छोराछोरीको शिक्षा

अध्ययनमा उत्तरदाताहरूको छोराछोरीको शिक्षालाई पनि महत्वपूर्ण विशेषताको रूपमा छनोट गरी समावेश गरिएको छ । उत्तरदाता महिलाका छोराछोरीको शिक्षालाई तलको तालिकामा समावेश गरिएको छ ।

**तालिका नं. ४.७ : उत्तरदाताका छोराछोरीहरूको शैक्षिक अवस्था**

| शैक्षिक स्थिति | उत्तरदाताहरू | |
|---|---|---|
| | संख्या | |
| निरक्षर | १० | १८.८७ |
| साधारण लेखपढ | ४३ | ३३.८० |
| कक्षा पाँच पास | १६ | १२.३१ |
| कक्षा आठ पास | ७ | ५.३८ |
| टेष्ट पास | १८ | १४.८५ |
| एस.एल.सि. पास | २३ | १७.६९ |
| दश जोड दुई पास | ९ | ६.९२ |
| स्नातक तह पास | ३ | २.३१ |
| जम्मा | १३० | १०० |

श्रोत स्थलथत सर्वेक्षण २०७३



Formatted Table

तालिका नं. ४.७ मा उल्लेख भए अनुसार कुल उत्तरदाताहरूको छोराछोरीहरू १३० जना रहेकोमा १० जना निरक्षर वा पढ्नलेख्न नजान्ने ४४ जना साधारण लेखपढ गर्न सक्ने र ७६ जना कक्षा ५ देखि स्नातक तहसम्म अध्ययन गरेको पाइयो । यस अध्ययनमा विधवा महिलाहरूको छोराछोरीहरूको पढाइको समस्यालाई पनि अध्ययनमा छनोट गरी समावेश गरिएको छ । यस तालिकाबाट के निष्कर्शमा पुग्न सकिन्छ भने उत्तरदाताहरू अधिकांश अशिक्षित रहेता पनि समयको प्रवाहसंगै उनीहरूका छोराछोरीहरू भने शिक्षित भइसकेको पाइयो ।

### ४.१.७ परिवारको प्रकृति

नेपाल एउटा परम्परागत, संस्कृति, रीतिरिवाज, धर्म, चालचलन आदि भएको देश हो । यहाँ अझैंसम्म पनि परिवार तथा समाज संचालनका लागि परम्परागत सोचबाट अगाडि बढेको पाइन्छ । यस अध्ययन क्षेत्रका उत्तरदाताहरू कुन कुन किसिमको परिवारमा बसोबास गर्दछन् भन्ने कुरालाई तलको तालिकामा प्रस्तुत गरिन्छ ।

**तालिका नं. ४.८ : परिवारको प्रकृतिका आधारमा उत्तरदाताहरू**

| परिवारको स्वरूप | उत्तरदाताहरू | |
|---|---|---|
| | संख्या | प्रतिशत |
| एकात्मक परिवार | १३ | २४.५३ |
| संयुक्त परिवार | ४० | ७५.५३ |
| जम्मा | ५३ | १०० |

Formatted Table

स्रोत: स्थलगत सर्वेक्षण-२०७३

तालिका नं. ४.८ मा भएका उत्तरदाताहरू मध्ये १३ उत्तरदाताहरू (२४.५३) प्रतिशत एकात्मक र ४० उत्तरदाताहरू (७५.५३) प्रतिशत उत्तरदाताहरू संयुक्त परिवारमा बसोबास गरेको पाइयो ।

यस तालिकाबाट के निश्कर्षमा पुग्न सकिन्छ भने अधिकांश उत्तरदाताहरू संयुक्त परिवारमा बस्ने गरेकोले उनीहरू सामाजिक, आर्थिक एवम् पारिवारिक रूपमा आफ्ना आधारभूत आवश्यकताहरू पूरा गर्न परिवार प्रति उत्तरदायी रहेको प्रष्ट हुन्छ ।

### ४.१.८ घरको मुख्य व्यक्ति

परम्परागत रूपमा महिला अपहेलित, दमित तथा पराश्रित रहनु परेको कारण घरको मुख्य व्यक्ति पुरूष हुने गरेको पाइन्छ । अध्ययन क्षेत्रमा पनि कतिपय घरको मुलि छोरा हुने गरेको पाइयो भने कतिपय घरमा महिला एक्लै बसेको अवस्थामा महिला स्वयम् र कतिपय घरमा सासु परिवारको मुलि भएको पाइयो । अध्ययन क्षेत्रका उत्तरदाताहरूको घरको मुलि को को रहेका छन्? भन्ने विषयलाई तलको तालिकामा प्रस्तुत गरिन्छ ।

**तालिका नं. ४.९ : घरको मुख्य व्यक्तिको आधारमा उत्तरदाताहरू**

| **घरको मुख्य व्यक्ति** | **उत्तरदाताहरू** | |
|---|---|---|
| | **संख्या** | **प्रतिशत** |
| छोरा | ३१ | ५८.५३ |
| आफैं | २१ | ३९.६० |
| सासु | १ | १.९० |
| जम्मा | ५३ | १०० |

स्रोतः स्थलगत सर्वेक्षण-२०७३

तालिका नं. ४.९ अनुसार उत्तरदाताहरू मध्ये ३१ जना उत्तरदाताहरू(५८.५३) को घरमा छोरा घरको मुख्य व्यक्ति रहेको, २१ उत्तरदाताहरू (३९.६०प्रतिशत) को घरमा घरको मुख्य व्यक्ति उत्तरदाता स्वयम र १ उत्तरदाताको घरमा दुबै सासु बुहारी नै एकल (विधवा) भएको हुँदा उक्त घरको मुख्य व्यक्ति पनि महिला नै भएको कारण २२ उत्तरदाताहरू ४१.५१ प्रतिशत घरको मुख्य व्यक्ति रहेको पाइयो ।

यस तालिकाबाट के निश्कर्षमा पुग्न सकिन्छ भने अझै पनि पूर्ण रूपमा महिलाहरू घरको मूख्य व्यक्ति बन्न सकिरहेको अवस्था छैन र सानोमा बाबु आमा, उमेरमा पति तथा बृद्ध अवस्थामा छोराको भरमा बाँच्न बाध्य हुनुपर्छ ।

### ४.१.९ उत्तरदाताहरूको स्वास्थ्य स्थिति

अध्ययन क्षेत्रमा रहेका उत्तरदाताहरूको विभिन्न किसिमका स्वास्थ्य समस्यालाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।



Formatted Table

**तालिका नं. ४.१० : स्वास्थ्य स्थितिको आधारमा उत्तरदाताहरू**

| विवरण | उत्तरदाताहरू | |
|---|---|---|
| | **संख्या** | **प्रतिशत** |
| दम | १५ | २८.३० |
| ग्याष्ट्रिक | ९ | १७.०० |
| पाठेघरको समस्या | ४ | ७.५३ |
| कान नसुन्ने | ७ | १३.२० |
| नसा सम्बन्धी | ५ | ९.४० |
| जम्मा | ४० | ७५.५३ |

स्रोत: स्थलगत सर्वेक्षण-२०७३

तालिका नं. ४.१० अनुसार कुल ५३ जना उत्तरदाताहरू मध्ये ४० जना वा ७५.५३ प्रतिशतको स्वास्थ्यमा समस्या देखिएको र १३ जना वा २४.४७ उत्तरदाताको स्वास्थ्य ठीक रहेको पाइयो। यस तालिकाबाट के निष्कर्शमा पुग्न सकिन्छ भने अधिकांश एकल महिलाहरूको श्वास्थ्यमा समस्या देखिएको छ। यसले गर्दा उनीहरू परिवारका अन्य सदस्यहरूसंग निर्भर रहनुपर्ने अवस्था छ।

### ४.१.१० विधवा बिबाह सम्बन्धी उत्तरदाताहरूको धारणा

यस अध्ययनमा पनि अध्ययन क्षेत्रका उत्तरदाताहरूलाई विधवा बिबाह गर्नु ठीक हो कि होइन? भनि गरिएको अध्ययनबाट प्राप्त विवरणलाई तलको तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका नं. ४.११ : विधवा बिबाह सम्बन्धी धारणामा आधारित उत्तरदाताहरू**

| विवरण | उत्तरदाताहरू | |
|---|---|---|
| | **संख्या** | **प्रतिशत** |
| विधवा बिबाह गर्नु ठीक हो | ११ | २०.७५ |
| विधवा बिबाह गर्नु ठीक होइन | ३४ | ६४.१५ |
| थाहा छैन | ८ | १५.०९ |
| जम्मा | ५३ | १०० |

स्रोत: स्थलगत सर्वेक्षण-२०७३

तालिका नं. ४.११ अनुसार अधिकांश उत्तरदाताहरू आफू पुनः बिबाह गर्ने पक्षमा नरहेको बताए तापनि अन्य महिलाहरूले सानै उमेरमा विधवा भएमा पुनः बिबाह गर्नु ठीक हो भन्ने ११ जना २०.७५ प्रतिशत भएको पाइयो । यसरी नै एक पटक बिबाह गरेर विधवा भइसके पछि पुनः बिबाह गर्नु कुनै पनि दृष्टिकोणले ठीक होइन भन्नेहरू सबैभन्दा बढि ३४ जना ६४.१५ प्रतिशत रहेको पाइयो र यस सम्बन्धी केही पनि थाहा नहुनेको संख्या ८ जना १५.०९ प्रतिशत रहेको पाइयो ।

उपरोक्त तालिकाबाट अझै पनि महिलाहरू पुरानो सामाजिक, साँस्कृतिक परम्परा एवम् मान्यताबाट ग्रसित छन् भन्ने निष्कर्शमा पुग्न सकिन्छ । पुनर्विवाह गरेको खण्डमा समाजले नराम्रो दृष्टिकोणले हेर्ने, सामान्य रूपमा जीवन यापन गर्न कठिन हुने धारणा उत्तरदाताहरूको रहेको पाइयो । यसरी समाज परम्परागत सोचबाट माथि उठ्न नसकेको कुरा प्रष्ट हुन्छ । अझैसम्म पनि समाजले विधवाहरूप्रति नकारात्मक दृष्टिकोणबाट हेर्ने गरेको छ । तथापि क्रमश रूपमा समाजले कोल्टे फेर्दै गएको कारण पहिले भन्दा केही माहौल फराकिलो बन्दै गएको अनुमान गर्न सकिन्छ । खासगरी बृद्ध,अशिक्षित र आर्थिक रूपमा कमजोर भने यस मामिलामा कमजोर नै देखिएको पाइयो ।

### ४.१.११ सामाजिक क्रियाकलापमा संलग्नता

नेपाल एउटा पितृसत्तात्मक ढाँचामा रहेको देश हो, जहाँ महिलाहरूलाई दोस्रो दर्जाको नागरिकको रूपमा व्यवहार गरिन्छ । त्यसैले समाजमा हुने सामाजिक क्रियाकलापमा पनि महिलाहरूको खासै सहभागिता हरेको पाइदैन । त्यसै गरि निर्णय प्रक्रियामा रहेका महिलाहरूको सहभागिताले त्यस परिवारमा रहेका महिलाहरूको स्थानलाई बुझाउँछ । जति बढि पारिवारिक निर्णय प्रक्रियामा महिलाहरूको सहभागिता हुन्छ त्यत्ति नै राम्रो स्थान उक्त परिवारमा महिलाहरूको रहेको हुन्छ । नेपाली समाज पुरूष प्रधान समाज भएको कारणले गर्दा महिलाहरूलाई निर्णय प्रक्रियामा कम अधिकार दिइएको छ र महिलाहरूको निर्णायक प्रक्रियामा कम पहुँच रहेको छ ।

यस शोध कार्यमा अध्ययन गरिएका एकल महिलाहरू कस्ता खालका सामाजिक क्रियाकलापमा संलग्न छन् र उनीहरूको भूमिका कस्तो छ भन्ने कुरामा अध्ययन गरिएको छ ।

**तालिका नं. ४.१२ : सामाजिक क्रियाकलापमा संलग्नताको आधारमा उत्तरदाताहरू**

| सामाजिक क्रियाकलापमा संलग्नता | उत्तरदाताहरू | |
|---|---|---|
| | संख्या | प्रतिशत |
| संलग्न छु | ११ | २०.८० |
| संलग्न छैन | २६ | ४९.०० |
| थाहा छैन | १६ | ३०.२० |
| जम्मा | ५३ | १०० |

स्रोत: स्थलगत सर्वेक्षण-२०७३

तालिका नं. ४.१२ अनुसार अध्ययन क्षेत्रका उत्तरदाताहरूको सामाजिक क्रियाकलापमा रहेको संलग्नता सम्बधि पक्षको अध्ययन गर्दा संलग्न छैन भन्नेहरूको संख्या सबैभन्दा बढि २६ जना ४९.०० प्रतिशत त्यस सम्बन्धी केही जानकारी नभएका १६ जना ( ३०.२० प्रतिशत) र विभिन्न क्रियाकलापमा संलग्न हुनेहरू सबैभन्दा कम ११ जना (२०.८० प्रतिशत) रहेको पाइयो ।

माथिको तालिकाबाट के निश्कर्षमा पुग्न सकिन्छ भने महिलाहरूमा अझै पनि सशक्तिकरण भइनसकेको प्रष्ट हुन्छ । जसको कारणमा अशिक्षा, पुरूष प्रधान समाज र महिलाहरू चुलो चौकोमा नै सिमित हुनुलाई लिन सकिन्छ । अर्कोतर्फ जम्मा ९ जना महिलाहरूमा आमा समूहमा ५ जना ५५.५६ प्रतिशत, सहकारी संस्थामा ३ जना ३३.३३ प्रतिशत र विद्यालय व्यवस्थापन समितिमा १ जना ११.११ प्रतिशत रहेको कारणले पनि महिलाहरू सामाजिक भूमिकामा निक्कै पछाडि परेको प्रष्ट हुन्छ ।

### ४.१.१२ उत्तरदाताहरूको निर्णायक भूमिका

अध्ययन क्षेत्रका केही सीमित महिलाहरूको मात्र निर्णायक भूमिका रहेको देखिन्छ । जस्तो विभिन्न समयमा हुने गरेका सभा सम्मेलन, राजनैतिक तहमा पनि थोरै महिलाहरूको भूमिकालाई मात्र मान्यता दिइएको पाइयो भने अधिकांश महिलाहरू जो आर्थिक तथा शैक्षिक अवस्थामा कमजोर छन्, कुनै पनि निर्णायक भूमिकामा कमजोर रहेको पाइयो । यसबाट के पुष्टि हुन्छ भने सामाजिक स्तर उच्च भएका उत्तरदाताहरूको भूमिका महत्वपूर्ण हुने गरेको र सामाजिक स्तर कमजोर भएका उत्तरदाताहरू भूमिका बिहीन रहेको पाइयो ।

Formatted Table

यसै सन्दर्भमा गरिएको अध्ययनबाट प्राप्त विवरणलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ४.१३ : निर्णय प्रक्रियामा उत्तरदाताहरूको भूमिका**

| निर्णायक भूमिका | उत्तरदाताहरू | |
|---|---|---|
| | संख्या | प्रतिशत |
| महत्वपूर्ण | ४ | ७.५५ |
| सामान्य | ०७ | ६३.६ |
| हुँदैन | ४२ | ७९.२५ |
| जम्मा | ५३ | १०० |

स्रोत: स्थलगत सर्वेक्षण-२०७३

तालिका नं. ४.१३ अनुसार सामाजिक क्रियाकलापमा संलग्नहरूमध्ये ४ जना (७.५५प्रतिशत) ले समाजमा हुने निर्णयमा आफ्नो भूमिका महत्वपूर्ण हुने बताए, ७ जना (१३.२१ प्रतिशत)ले आफ्नो भूमिका सामान्य किसिमको रहने बताए भने ४२ जना ७९.२५प्रतिशतले आफ्नो सामाजिक क्रियाकलापहरूमा सक्रिय भूमिका नरहेको बताए ।

उपर्युक्त विवरणबाट के निश्कर्षमा पुग्न सकिन्छ भने पितृसतात्मक सोच र अशिक्षाका कारण साथसाथै घरधन्धामा नै सिमित रहनाले गर्दा अझै पनि महिलाहरू समाजमा हुने महत्वपूर्ण भूमिकाबाट बञ्चित हुनु परेको छ ।

### ४.१.१३ समाजमा विधवाहरूको सम्मानजनक अवसर प्राप्ति सम्बन्धमा

अध्ययनमा संलग्न कुल ५३ जना उत्तरदाताहरूमध्ये समाजमा तपाईलाई सम्मानजनक अवसर प्राप्त गर्न सकेजस्तो लाग्छ वा लाग्दैन भन्ने प्रश्नलाई पनि महत्वपूर्ण विशेषताको रूपमा लिई अध्ययन गरिएको छ । जसलाई तालिका नं. ४.१४ मा प्रस्तुत गरिएको छ ।

Formatted Table

Comment [u1]:

**तालिका नं. ४.१४ :समाजमा विधवाहरूको सम्मानजनक अवसरको प्राप्तिका आधारमा उत्तरदाताहरू**

| समाजमा विधवाहरूको सम्मानजनक अवसरको प्राप्ति भएको | उत्तरदाताहरू | |
|---|---|---|
| | संख्या | प्रतिशत |
| लाग्दछ | १८ | ३३.९६ |
| लाग्दैन | २७ | ५३.९४ |
| थाहा छैन | ८ | १५.१० |
| जम्मा | ५३ | १०० |

स्रोत: स्थलगत सर्वेक्षण-२०७३

तालिका नं.४.१४ अनुसार समाजमा विधवाहरूको सम्मानजनक अवसर प्राप्त गरेको जस्तो लाग्छ वा लाग्दैन? भनि सोधिएको प्रश्नमा लाग्दछ भन्नेहरू १८ जना (३३.९६प्रतिशत), लाग्दैन भन्नेहरू २७ जना (५३.९४ प्रतिशत) र थाहा छैन भन्नेहरू ८ जना (१५.१० प्रतिशत) रहेको पाइयो ।

माथिको तालिकाबाट के निश्कर्षमा पुग्न सकिन्छ भने समाजमा अझै पनि विधवा महिलाहरूलाई समाजले सम्मानजनक स्थान दिन सकेको छैन जसको कारण परम्परागत सोच अनि महिलाहरूको पुरूषमाथिको परनिर्भरता लाई लिन सकिन्छ ।

### ४.१.१४ विधवा हने अवस्था प्रति उत्तरदाताहरूको दृष्टिकोण

यस अध्ययनमा उत्तरदाताको विधवा हने अवस्थालाई एउटा महत्वपूर्ण विशेषताको रूपमा समावेश गरिएको छ । उत्तरदाताको यस स्थितिप्रति उनीहरूको आफ्नै दृष्टिकोण तालिका नं. ४.१८ मा राखिएको छ ।

Formatted Table

**तालिका नं. ४.१५ : विधवा हुनुको कारणको आधारमा उत्तरदाताहरू**

| विवरण | उत्तरदाताहरू | |
|---|---|---|
| | संख्या | प्रतिशत |
| भाग्यको खेल | ८ | १५.१० |
| खोटो कर्म | १३ | २४.५३ |
| दु:ख पाउन लेखेको | २८ | ५२.८० |
| स्वभाविक अवस्था | ४ | ७.५३ |
| जम्मा | ५३ | १०० |

स्रोतः स्थलगत सर्वेक्षण-२०७३

तालिका नं.४.१५ अनुसार २८ जना (५२.८० प्रतिशत) ले दु:ख पाउन लेखेको, १३ (२४.५३ प्रतिशत) ले खोटो कर्म, ८ जना (१५.१० प्रतिशत) ले भाग्यको खेल र ४ जना (७.५३ प्रतिशत) ले स्वभाविक अवस्था हो मानिस जन्मेपछि एक दिन मर्नुपर्छ भन्ने पाइयो ।

उक्त तालिकाबाट के निश्कर्षमा पुग्न सकिन्छ भने उनीहरूले आफ्ना पतिको मृत्यूलाई स्वभाविक रूपमा लिन सकेका छैनन् । जसको कारणमा परम्परागत सोचलाई त्याग्न नसक्नुलाई लिन सकिन्छ ।

## ४.२. आर्थिक अवस्था

समाज विभिन्न एकाइहरूको अन्तरक्रियात्मक व्यवस्था हो र प्रत्येक एकाइको आ-आफ्नो स्थान र कार्य हुन्छ । स्थान अनुसार कै कार्य सम्पादनबाट नै समाज स्थिर, निरन्तर र क्रियाशिल रहन्छ । त्यस मध्ये आर्थिक एकाइ मानव जीवनको महत्वपूर्ण एकाई हो । जसको आधारमा नै मानवीय समाज दिगो हुन्छ । व्यहारिक सीप मूलक कार्यमा दक्षता प्राप्त गरेका मानव स्रोत समाजमा विद्यमान भएमा उच्च स्तरका आय आर्जनका क्रियाकलाप संचालन गर्न सकिन्छ । मानव जीवनका दैनिक क्रियाकलापहरूमा हरेक पक्षमा प्रभाव पार्ने आर्थिक पक्षले समुदायको सांस्कृतिक रीतिरिवाज, चालचलन र जीवनशैलीमा प्रत्यक्ष र परोक्ष रूपमा प्रभाव पारेको हुन्छ ।

Formatted Table

यस शोध कार्यमा नेचा बेतघारी गा.वि.स. वडा नं. २ र ३ का एकल (विधवा) महिलाहरूको आर्थिक अवस्थालाई अध्ययन गर्नका लागि उनीहरूले गर्दै आएको पेशा के हो? जग्गा जमीन, सहायक पेशा, आम्दानी खर्चको अवस्था आदि बारेमा अध्ययन गरिएको छ।

### ४.२.१. पेशागत स्थिति

हाम्रो देशमा पेशाको विशिष्टीकरण नभएको कारणले गर्दा  एउटा मान्छेले दैनिक रूपमा एउटा मात्र काम गरेर उसको जिवीकोपार्जन गर्न कठिन छ। उसले एक दिनमा धेरै किसिमका कामहरू जस्तोः कृषि, नोकरी, ज्याला मजदुरी आदि गरेको हुन्छ। त्यसमा पनि महिलाहरूको नाजुक अवस्था छ। किन भने उनीहरूलाई चुलो चौको र घरधन्दामा नै सिमित गराइन्छ। तर यो घर धन्दाको मूल्य तिरिदैंन। स्थलगत अध्ययनको क्रममा अध्ययन क्षेत्रका उत्तरदाताहरूले आम्दानीका लागि के कस्तो पेशामा आवद्ध हुनु परेको छ, त्यसको विवरणलाई तलको तालिकामा देखाइएको छ।

**तालिका नं. ४.१६ : पेशागत अवस्थाका  आधारमा उत्तरदाताहरू**

| **विवरण** | **उत्तरदाताहरू** | |
|---|---|---|
| | **संख्या** | **प्रतिशत** |
| कृषि | ४३ | ८१.१० |
| व्यापार | २ | ३.८० |
| ज्याला मजदुरी | ८ | १५.१० |
| जम्मा | ५३ | १०० |

Formatted Table

स्रोतः स्थलगत सर्वेक्षण-२०७३

तालिका नं.४.१६ अनुसार अध्ययनको क्रममा अध्ययन क्षेत्रका उत्तरदाताहरूअधिकांश ४३ (७५.४७ प्रतिशत) कृषि पेशामा संलग्न भएको पाइयो भने  कृषि पेशाका साथसाथै ज्याला मजदुरीमा ८ जना (१५.१० प्रतिशत) र व्यापार व्यवसायमा २ जना (३.८० प्रतिशत) रहेको पाइयो।

यसबाट के निश्कर्षमा पुग्न सकिन्छ भने अधिकांश उत्तरदाताहरू परम्परागत कृषि पेशामा आश्रित रहेका देखिन्छन्।

### ४.२.२. जग्गा जमिनको परिणामको स्थिति

अध्ययन क्षेत्रका उत्तरदाताहरूको जग्गाजमिनको परिणामलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ४.१७ : जग्गा जमिनको परिणामको आधारमा उत्तरदाताहरू**

| विवरण | उत्तरदाताहरू | |
|---|---|---|
| | संख्या | प्रतिशत |
| २ रोपनी भन्दा कम | ८ | १५.१० |
| ३ देखि ५ रोपनी | ७ | १३.२० |
| ५ देखि १० रोपनी | २८ | ५२.८० |
| १० रोपनी भन्दा माथि | १० | १८.९० |
| जम्मा | ५३ | १०० |

स्रोत: स्थलगत सर्वेक्षण-२०७३

तालिका नं.४.१७ अनुसार अध्ययन क्षेत्रका उत्तरदाताहरू मध्ये २ रोपनी भन्दा कम भएका ८ जना (१५.१० प्रतिशत), ३ देखि ५ रोपनीसम्म भएका ७ जना (१३.२० प्रतिशत), ५ देखि १० रोपनीसम्म भएका २८ जना (५२.८० प्रतिशत) र १० रोपनी भन्दा माथि भएका १० जना (१८.९० प्रतिशत) रहेको पाइयो ।

उक्त विवरणबाट आफ्नो जग्गा जमिनको परिणाम १० रोपनीसम्म भएका महिलाहरूको अधिकता भएको कारण उत्तरदाताहरूको आर्थिक अवस्था निक्कै दयनीय रहेको निश्कर्ष निकाल्न सकिन्छ ।

### ४.२.३. अध्ययन क्षेत्रका उत्तरदाताहरूका आम्दानीका अन्य स्रोतहरू

अध्ययन क्षेत्रका उत्तरदाताहरूको अध्ययन गर्दा आम्दानीका अन्य स्रोतहरूमासामाजिक सुरक्षा भत्ता अन्तरगत ६० वर्ष भन्दा माथिका २२ जनाले ज्येष्ठ नागरिक भत्ता मासिक रू . २००० का दरले तथा २६ जनाले मासिक रू १००० का दरले सामाजिक सरक्षा भत्ता सम्बन्धित गाविस कार्यालयबाट लिने गरेको, तिनीहरूमध्ये १५ जनाले केही रकमलाई गाउँघरमै व्याजमा लगाएर त्यसबाट सामान्य आम्दानी गर्ने गरेको र

Formatted Table

१ जनाको श्रीमान् भरखरैमात्र बितेको कारण उक्त भत्ता पाइ नसकेको र आम्दानीको अन्य स्रोत नभएको तथा उनीहरूमध्ये ३ जना उत्तरदाताहरू - एकजना भूतपूर्व भारतीय सेनाका सिपाही, एकजना नेपाल प्रहरीका भूतपूर्व प्रहरी जवान र एकजना भूतपूर्व शिक्षक पेन्सनरका पत्निहरूले श्रीमान्को नामको पेन्सन लिई आर्थिक खाँचो टारिरहेको पाइयो ।

यसरी उत्तरदाताहरूको आम्दानी प्रति महिना हेर्दा नियमित रूपमा सामान्य मात्रामा आम्दानी १ जना (१.९० प्रतिशत), २५ सय भन्दा कम आम्दानी गर्नेहरूको संख्या ३४ जना (६४.२० प्रतिशत) सबैभन्दा बढि, त्यसै गरी २५ सयदेखि ४ हजारसम्म आम्दानी गर्ने उत्तरदाताहरूको संख्या १५ जना (२८.३० प्रतिशत) र ३ जना (५.६६प्रतिशत) ले मासिक ४ हजार भन्दा बढि आम्दानी गर्ने गरेको देखियो ।

माथिको तथ्यांकबाट के निश्कर्षमा पुग्न सकिन्छ भने अधिकांश उत्तरदाताहरूको आर्थिक अवस्था कमजोर रहेको देख्न सकिन्छ । यसरी उनीहरूको आर्थिक अवस्थालाई माथि उकास्नका लागि विभिन्न सहायक स्तरका आयमूलक कार्यहरूमा उनीहरूले ध्यान दिन आवश्यक देखिन्छ ।

### ४.२.४ **खर्च**

अध्ययन क्षेत्रका उत्तरदाताहरूको प्रतिमहिना हुने खर्च विवरणलाई अध्ययन गर्दा खर्च हुने शीर्षकहरूमा दैनिक घरायसी खर्च, बालबच्चाको पठनपाठन, औषधी उपचार तथा भैपरि आउने खर्चहरू भएको पाइयो । जसबाट प्राप्त विवरणलाई निम्न अनुसारको तालिकालाई देखाइएको छ ।

**तालिका नं. ४.१८ : खर्चको आधारमा उत्तरदाताहरू**

| **विवरण परिणाम (मासिक)** | **उत्तरदाताहरू** | |
|---|---|---|
| | **संख्या** | **प्रतिशत** |
| १५ सय भन्दा कम | ३५ | ६६ |
| १५ देखि २५ सयसम्म | १५ | २८.३० |
| २५ सय भन्दा माथि | ३ | ५.७० |
| जम्मा | ५३ | १०० |

स्रोतः स्थलगत सर्वेक्षण-२०७३

Formatted Table

तालिका नं.४.१८ अनुसार उत्तरदाताहरूको खर्च प्रति महिनालाई हेर्दा १५ सय भन्दा कम खर्च गर्ने सबैभन्दा धेरै ३५ जना (६६.०० प्रतिशत), त्यसै गरि १५ सय देखि २५ सयसम्म खर्च गर्ने १५ जना (२८.३० प्रतिशत) र सबै भन्दा बढि खर्च गर्ने ३ जना (५.७० प्रतिशत) ले २५ सय भन्दा माथि खर्च गर्ने गरेको देखियो ।

यस तालिकाबाट के निश्कर्षमा पुग्न सकिन्छ भने अधिकांश उत्तरदाताहरूको आयस्तर न्यून रहेको छ । यसकारण उनीहरूले आफ्नो आयस्तर बृद्धि गर्नका लागि अन्य रोजगारका कार्यहरू जस्तै करेसाबारी, दुग्ध व्यवसाय, कुखुरापालन लगायत सामुहिक रूपमा आयमुलक कार्यहरू लगायत नगदे बालीतर्फ संलग्न हुन आवश्यक देखिन्छ ।

### ४.२.५ बचत

अध्ययन क्षेत्रका उत्तरदाताहरूको प्रति महिना हुने बचतलाई अध्ययन गर्दा धेरै जसोले सो बचत रकमलाई गाउँ घरका अन्य छिमेकीहरूलाई ब्याजमा लगानी गर्ने गरेको पाइयो । उक्त बचतको विवरणलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ४.१९ : बचतको आधारमा उत्तरदाताहरू**

| बचतको परिणाम (मासिक) | उत्तरदाताहरू | |
|---|---|---|
| | संख्या | प्रतिशत |
| सामान्य | १ | १.९० |
| १ हजार भन्दा कम | ३० | ५६.६० |
| १ हजार देखि १५ सय सम्म | १९ | ३५.८० |
| १५ सय भन्दा माथि | ३ | ५.७० |
| जम्मा | ५३ | १०० |

Formatted Table

स्रोतः स्थलगत सर्वेक्षण-२०७३

तालिका नं.४.१९ अनुसार सामान्य मात्रामा मात्र आम्दानी भै बचत छैन भन्नेमा सबै भन्दा कम १ जना (१.९० प्रतिशत), १ हजार भन्दा कम बचत गर्नेहरूमा सबै भन्दा बढी ३० जना (५६.६० प्रतिशत), १ हजारदेखि १५ सयसम्म बचत गर्नेहरूमा १९ जना (३५.८० प्रतिशत) र रू. १५ सय भन्दा माथि बचत गर्नेमा ३ जना (५.७० प्रतिशत) भएको

पाइयो । उक्त तालिकाबाट के निश्कर्षमा पुग्न सकिन्छ भने केही उत्तरदाताहरूले मात्र १५ सय भन्दा बढी बचत गर्ने गरेकोबाट उनीहरूको आय स्तर कम रहेको छ ।

### ४.२.६ आफ्नो जग्गाबाट खान पुग्ने समय

अध्ययन क्षेत्रका उत्तरदाताहरूलाई आफ्नै नाममा भएको जग्गाबाट खान पुग्ने समयको विवरणलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ४.२० : आफ्नो जग्गाबाट आएको उब्जनीले उत्तरदाताहरूलाई खान पुग्ने समयको विवरण**

| विवरण | उत्तरदाताहरू | |
|---|---|---|
| | संख्या | प्रतिशत |
| २ महिना | १६ | ३०.१९ |
| ६ महिना | ९ | १६.९८ |
| ९ महिना | १९ | ३५.८५ |
| १ वर्षसम्म | ९ | १६.९८ |
| जम्मा | ५३ | १०० |

स्रोत: स्थलगत सर्वेक्षण-२०७३

तालिका नं.४.२० अनुसार २ महिनासम्म खान पुग्ने १६ जना (३०.१९ प्रतिशत), ६ महिनासम्म पुग्ने ९ जना (१६.९८ प्रतिशत), ९ महिनासम्म पुग्ने १९ जना (३५.८५प्रतिशत) र १ वर्षसम्म खान पुग्ने ९ जना (१६.९८ प्रतिशत) पाइयो ।यस तालिकाबाट के निश्कर्षमा पुग्न सकिन्छ भने अधिकांश उत्तरदाताहरूलाई आफ्नो जग्गा जमीनबाट उत्पादित अनाजले वर्षदिनसम्म पुग्दैन । जसको कारण अनुत्पादनशील र परम्परागत खाद्यान्न बालीमा निर्भर रहनु हो ।

### ४.२.७ घरको किसिम

अध्ययन क्षेत्रका उत्तरदाताहरूको घर ढुंगामाटोले बनेको तथा खर, जस्ता र ढुंगाले छाएको कच्ची प्रकृतिको पाइयो । यसबाट के निश्कर्षमा पुग्न सकिन्छ भने उत्तरदाताहरूको आयस्तर कमजोर रहेको छ ।

### ४.२.८ आर्थिक सहयोग

यस अध्ययनमा उत्तरदाताहरूको आर्थिक समस्याको पाटोलाई तलको तालिकामा देखाइएको छ ।

**तालिका नं. ४.२१ : उत्तरदाताहरूलाई आर्थिक सहयोग गर्नेहरूको विवरण**

| विवरण | उत्तरदाताहरू | |
|---|---|---|
| | संख्या | प्रतिशत |
| घरको सदस्य | २५ | ४७.२० |
| समाज | ११ | २०.८० |
| माइती | ९ | १७.०० |
| छोरी | ८ | १५.१० |
| जम्मा | ५३ | १०० |

Formatted Table

स्रोत: स्थलगत सर्वेक्षण-२०७३

तालिका नं.४.२१ अनुसार कुल ५३ जना उत्तरदाताहरूलाई आर्थिक समस्या पर्दा सहयोग विभिन्न ठाउँबाट हुने गरेको पाइयो । घरको सदस्यबाट २५ जना (४७.२० प्रतिशत), समाजबाट ११ जना (२०.८० प्रतिशत), छोरीबाट ८ जना (१५.१० प्रतिशत) र माइतीबाट ९ जना (१७.०० प्रतिशत) ले सहयोग पाउने गरेको पाइयो ।

यसबाट के निश्कर्षमा पुग्न सकिन्छ भने कुनै पनि संघसंस्थाले एकल महिलाको आर्थिक, सामाजिक तथा सांस्कृतिक पक्षमा सहयोग गरेको देखिदैन भने उनीहरूले सबैभन्दा बढी आफ्नो लागि सहयोग समाजबाटै प्राप्त गर्ने गरेका रहेछन् । यसको प्रवर्द्धनका लागि विभिन्न सरकारी तथा गै.स.स.ले अहम भूमिका खेल्न आवश्यक देखिन्छ ।

### ४.३. साँस्कृतिक अवस्था

सामाजिक व्यवस्था र त्यसभित्रको परिवर्तन वृहत अवधारणा हो भने त्यसैको एउटा महत्वपूर्ण पक्ष संस्कृति हो । मानिसको सिङ्गो जीवन पद्धति नै संस्कृति हो । खास गरी रहनसहन, रीतिरिवाज, मूल्य मान्यता, परम्परा, संस्कार, भाषा, कला, सोचाइ आदि समग्रमा

हुने विषय नै सांस्कृतिक अवस्था हो । समाज र संस्कृतिलाई बाँध्ने सांस्कृतिक अवस्थालाई पनि यहाँ महत्वपूर्ण विशेषताको रूपमा लिइएको छ ।

### ४.३.१. परम्परागत संस्कारप्रतिको अधारणा

यस अध्ययनमा उत्तरदाताहरूको परम्परागत संस्कृतिक धारणालाई सोधिएको प्रश्नमा प्राप्त उत्तरलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ४.२२ : उत्तरदाताहरूको परम्परागत संस्कार प्रतिको धारणा**

| विवरण | उत्तरदाताहरू | |
|---|---|---|
| | संख्या | प्रतिशत |
| विश्वास छ | ३६ | ६७.९० |
| विश्वास छैन | १७ | ३२.१० |
| जम्मा | ५३ | १०० |

स्रोतः स्थलगत सर्वेक्षण-२०७३

तालिका नं.४.२२ अनुसार कुल ५३ जना उत्तरदाताहरू मध्ये परम्परागत धारणाप्रति विश्वास छ भन्नेहरू ३६ जना (६७.९० प्रतिशत) र विश्वास छैन भन्नेहरू अथवा परम्परागत संस्कृतिलाई समयानुकुल परिवर्तन गर्दै लैजानु पर्छ भन्नेहरूमा १७ जना (३२.१० प्रतिशत) पाइयो । यसबाट के प्रष्ट हुन्छ भने वृद्ध, एकल महिलाहरूको परम्परागत धारणाप्रति विश्वास रहेको भन्न सकिन्छ ।

### ४.३.२ धार्मिक कार्यमा संलग्नता

अध्ययन क्षेत्रका विधवा महिलाहरूलाई तपाईहरू धार्मिक क्रियाकलापमा कतिको संलग्न हुनुहुन्छ भनि गरिएको अध्ययनबाट प्राप्त विवरणलाई यस प्रकार प्रस्तुत गरिएको छ ।

**तालिका नं. ४.२३ : धार्मिक कार्यमा संलग्नताको आधारमा उत्तरदाताहरू**

| विवरण | उत्तरदाताहरू | |
|---|---|---|
| | संख्या | प्रतिशत |
| सामान्य | ३२ | ६०.४० |
| धेरै | १८ | ३४.०० |
| जम्मा | ५३ | १०० |

स्रोत: स्थलगत सर्वेक्षण-२०७३

तालिका नं. ४.२३ अनुसार अध्ययन क्षेत्रका उत्तरदाताहरूमध्ये सबैभन्दा बढि ३२ जना (६०.४० प्रतिशत) ले आफूहरू धार्मिक कार्यमा कमै संलग्न रहेको बताए भने १८ जना (३४.०० प्रतिशत) उत्तरदाताहरूले धेरै सहभागी हुने र ३ जना (५.७० प्रतिशत)ले आफूहरू धार्मिक कार्यमा संलग्न नहुने गरेको बताए ।

यसबाट के निश्कर्षमा पुग्न सकिन्छ भने बहुसंख्या उत्तरदाताहरू ६०.४० प्रतिशत धार्मिक कार्यमा संलग्न नरहेको पाइयो भने धार्मिक कार्यमा संलग्न हुनेहरूको संख्या न्यून पाइयो ।

### ४.३.३ समाजको व्यवहार

अध्ययनमा संलग्न कुल ५३ जना उत्तरदाताहरूमध्ये १६ जनाले आफूलाई समाजबाट दोष दिइएको र ३७ जनाले दोष नदिइएको बताए

**तालिका नं. ४.२४ : समाजबाट लगाइएको दोष तथा आरोपको आधारमा उत्तरदाताहरू**

| विवरण | उत्तरदाताहरू | |
|---|---|---|
| | संख्या | प्रतिशत |
| हिड्ने बेलामा साइत नपर्ने | ४ | ७.५३ |
| अशक्त भएपछि बोक्सीको आरोप | ५ | ९.५३ |
| कुनै पुरूषसँग बोलेमा कुरा काट्ने | ७ | १३.२० |
| जम्मा | १६ | ३०.१० |

स्रोत: स्थलगत सर्वेक्षण-२०७३

Formatted Table

Formatted Table

तालिका नं.४.२४ अनुसार ५३ जना उत्तरदाताहरूमध्ये १६ जनालाई समाजबाट लगाइएको दोष तथा आरोपमा हिड्ने बेलामा साइत नपर्ने भन्नेहरूमा ४ जना (७.५३ प्रतिशत), अशक्त भएपछि बोक्सीको आरोप लाग्छ भन्नेहरूमा ५ जना र कुनै पुरूषसँग बोलेमा कुरा काट्ने भन्नेहरूमा ७ जना (१३.२० प्रतिशत) पाइयो । अध्ययनमा संलग्न कुल ५३ जना उत्तरदाताहरूमध्येबाट ३२ प्रतिशतले समाजको दृष्टिकोण वा सहयोगमा परिवर्तन पाइएको बताए । जसमा ती उत्तरदाताहरूले उमेर र श्रेणीबद्धता अनुसार फरक पाइएको बताए । कम उमेरमा विधवा भएका र वृद्ध उमेरमा विधवा भएकालाई समाजले हेर्ने दृष्टिकोणमा परिवर्तन भएको पाइयो भने बाँकी ६८ प्रतिशतले परिवर्तन नभएको बताए ।

यस तालिकाबाट के निश्कर्षमा पुग्न सकिन्छ भने अझैसम्म पनि एकल महिलालाई समाजले हेर्ने दृष्टिकोणमा परिवर्तन हुन सकेको छैन ।

### ४.३.४ उत्तरदाताहरूमा अन्य विधवा र आफूहरूप्रतिको फरक

अध्ययनमा समेटिएका कुल ५३ जना उत्तरदाताहरूमध्ये अन्य विधवा र आफूप्रति फरक पाउनु भएको छ वा छैन भन्दा फरक पाइएको छैन भन्नेहरूमा १४ जना (२६.४० प्रतिशत) र पाइएको छ भन्नेहरूमा ३९ जना (७३.६० प्रतिशत) रहेको पाइयो । अन्य विधवा र आफूप्रति निम्न कारणले फरक रहेको बताए । जसलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ४.२५ : अन्य विधवा र आफूप्रतिको फरकको आधारमा उत्तरदाताहरू**

| **विवरण** | **उत्तरदाताहरू** | |
|---|---|---|
| | **संख्या** | **प्रतिशत** |
| उमेर अनुसार | ६ | ११.३० |
| वर्ग अनुसार | ५ | ९.४० |
| जात अनुसार | ३ | ५.७० |
| जम्मा | १४ | २६.४० |

Formatted Table

स्रोत: स्थलगत सर्वेक्षण-२०७३

तालिका नं.४.२५ अनुसार ६ जना (११.३० प्रतिशत) उत्तरदाताहरूले उमेरमा विधवा भएका र वृद्धावस्थामा विधवा भएकामा फरक, ५ जना (९.४० प्रतिशत) उत्तरदाताहरूले

धनी र गरिब महिलाहरूबीच हेर्ने दृष्टिकोण फरक र ३ जना (५.७० प्रतिशत) उत्तरदाताहरूले माथिल्लो जात र तल्लोजातका बीच हेर्ने दृष्टिकोणमा फरक रहेको बताए ।

यसैगरी अध्ययनमा संलग्न कुल ५३ जना (१०० प्रतिशत) उत्तरदाताहरूमध्ये विधवा भनेर हेला गर्छन् भन्ने २८ जना (५२.८० प्रतिशत), महिलाबाट १६ जना (३०.२० प्रतिशत), पुरूषबाट र बाँकी ९ जना ( १७.०० प्रतिशत)ले थाहा छैन भनिएको पाइयो । महिलाहरूले महिलाहरूलाई नै अनावश्यक कुरा काट्ने, पुरूषले बोलिबचन पहिलेको भन्दा फरक गरेको जसले गर्दा उनीहरूमा हिनताबोध भएको  र मानसिक रूपमा आघात पर्ने गरेको बताए ।

यसरी माथिको तालिकाबाट के निश्कर्षमा पुग्न सकिन्छ भने अझैसम्म पनि समाजमा माथिल्लो जात र तल्लो जातका एकल महिला, धनी र गरीब बीचका एकल महिला बीच समाजले फरक फरक किसिमले हेर्ने गरेको तथा महिलाहरूले महिलाहरूलाई अनावश्यक कुरा काट्ने र पुरूषले पनि बोलीबचन पहिलेको भन्दा फरक गर्ने गरेको कारणले एकल महिलामा हिनताबोध भएको बुझिन्छ ।

### ४.३.५ छोराछोरीको व्यवहार

अध्ययन क्रममा उत्तरदाताहरूका छोराछोरीको व्यहारमा परिवर्तनलाई पनि अध्ययनमा छनोट गरी समावेश गरिएको छ । अध्ययनमा संलग्न कुल ५३ जना उत्तरदाताहरूमध्ये २२ जना (४५.५३ प्रतिशत)ले बाबुको मृत्युपछि छोराछोरीको व्यवहारमा परिवर्तन आएको बताए जस्तोः प्रत्यक्ष अवलोकनको क्रममा केही महिलाहरूले बाबुको मृत्यु पछि छोरा नबोल्ने, एक्लै बस्न बढि रूचाउने, घरबाट निकाल्न धम्की दिने जस्तो कुरा बताए भने बाँकी ३१ जना (५८.५३ प्रतिशत)ले छोराछोरी ठूला भई बिहे गरी बसेको र रोजगारीमा लागेको कारण उनीहरूमा बाबुको मृत्यु पछि परिवर्तन नआएको बताए । यदाकदा सामाजिक सुरक्षा भत्ता अन्यत्र नै छोरा बुहारीहरूले प्रयोग गर्ने गरेको बताए ।

यसबाट के निश्कर्षमा पुग्न सकिन्छ भने बाबुको मृत्यू पछि छोरा बुहारीको व्यवहारमा परीवर्तन आउंदछ र गांउघरमा एकल महिलाहरू एक्लो र निरश जीवन जिउन बाध्य देखिन्छन् भन्ने आशयमा पुग्न सकिन्छ ।

### ४.३.६वैयक्तिक अध्ययन-१

सोलुखुम्बु जिल्ला गोराखानी गा.वि.स. वडा नं. ४ मा बस्ने इन्दु तामाङको १६ वर्षको उमेर सोही गा.वि.स. बस्ने फुर्वा तामाङसँग मागी बिबाह भएको थियो । उनका श्रीमान भारतीय सेनाका अवकास प्राप्त सिपाही हुन् । उनीहरू नेचा बेतघारी गा.वि.स. वडा नं. ३ मा २०४५ सालमा बसाइ सरी आए । उनीहरूका २ छोरा र २ छोरी छन् । उनीहरूको परिवार राम्रैसँग अगाडि बढिरहेको अवस्थामा अकस्मात कामको सिलसिलामा २०७० सालमा ६५ वर्षको उमेरमा दुर्घटनामा परी मृत्यु भयो । श्रीमानको मृत्यु पछि एकल बनेकी इन्दुलाई सम्पूर्ण जिम्मेवारी एकै चोटी आफ्नो काँधमा आइपरे तापनि श्रीमानको मृत्युको पीडालाई पछाडि सारेर संघर्ष गरेको बताउँछिन् । त्यस कारण पनि उनी एक संघर्षशील महिला हुन् । आफ्नो श्रीमानको मृत्यु पछि उनले एउटा सानो चिया पसल राखेर तथा श्रीमानको पेन्सनबाट जीवन गुजारा गरेको बताउँछिन् । उनी नेचा बेतघारीको एकता आमा समूहको सदस्य भएको पनि बताउँछिन् । त्यस्तै गरी महिला बचत तथा ऋण सहकारी संस्थामा आवद्ध रहेकी छिन् । त्यस कारण आफ्नो सामाजिक तथा आर्थिक अवस्थालाई माथि उठाउनका लागि आफैंले संघर्ष गर्नुपर्छ भन्ने उनको धारणा छ ।

### वैयक्तिक अध्ययन-२

सोलुखुम्बु जिल्ला नेचा बेतघारी-१ मा वि.सं. २०३० सालमा जन्मनुभएकी चुनादेवी बास्तोलाको सानै उमेरमा सोही गा.वि.स.को वडा नं. ३ मा बस्ने दाताराम कटेलसँग भएको थियो । उनीहरू मध्यम स्तरीय परिवारमा आफ्नो जीवन गुजारिरहेका थिए । उनको परिवारमा २ छोरा र १ छोरी रहेका छन् । उनका श्रीमान पनि कृषि पेशामा संलग्न थिए । सानो तिनो घर झगडाका कारण वि.सं. २०६५ सालमा उनका श्रीमानले आत्महत्या गरे । उनको जीवनमा सानो झगडाले ठूलो बज्रपात परेको चुनादेवी बताउछिन् । उनका अनुसार आफूलाई श्रीमानको मृत्यु पछि घर धान्न तथा छोराछोरी पढाउन अप्ठेरो महशुस भएको छ । श्रृङ्गारको सम्बन्धमा कुरा गर्दा सिन्दुर, पोते, चुरा लगाउनु हुन्न तर कपडा भने रातो रङको लगाउन सकिन्छ । आइ परेको खण्डमा जस्तो सुकै काम पनि एकल महिलाले गर्न सक्छन् भन्ने उनको विश्वास छ । एकल महिलाहरूलाई हेलाको दृष्टिकोणले नहेरी सबैले सम्मान जनक व्यवहार गर्नु पर्छ भन्ने उनको मान्यता छ ।

## अध्याय-पाँच

## सारांश तथा निश्कर्ष

### ५.१ सारांश

यो शोध-पत्र **एकल (विधवा) महिलाहरूको सामाजिक, आर्थिक तथा सांस्कृतिक अवस्था र संलग्नता** विषयमा आधारित रहेरसोलुखुम्बू जिल्ला नेचा बेतघारी गा.वि.स.वडा नं. २ र ३ का (एकल) विधवा महिलाहरूको बारेमा तयार गरिएको हो । शोधपत्र तयार पार्ने क्रममा उत्तरदाताहरू सक्रिय रूपमा सहभागी भएता पनि केही उत्तरदाताहरूले आफ्ना सबै कुरा खुलाउन नचाहेको तथा अधिकांश एकल महिलाहरू निरक्षर रहेको पाइयो जसले गर्दा उपयुक्त किसिमका तथ्यांकहरू संकलन गर्न समस्याहरू उत्पन्न भएका थिए । उक्त अध्ययनका उद्देश्यहरूमा एकल (विधवा) महिलाहरूको सामाजिक, आर्थिक तथा सांस्कृतिक अवस्था र संलग्नता बारे बर्णन गर्ने साथै सामाजिक क्रियाकलापहरूमा उनीहरूको सहभागिता र निर्णय प्रक्रियाको पहिचान गर्ने रहेका छन् । यस शोध कार्यमा प्राथमिक श्रोतहरू जस्तै : अनुसूची, प्रत्यक्ष अवलोकन, अन्तरवार्ता, प्रश्नावली र वैयक्तिक विधिहरूको प्रयोग गरिएको छ भने द्वितिय श्रोत अन्तरगत एकल महिलाहरूको सम्बन्धमा जानकारी दिने पुस्तकहरू, शोध पत्रहरू पत्र पत्रिका तथा लेख रचना आदिलाई प्रयोग गरिएको छ ।

आधा आकाश ओगटेका नारीहरू जम्मा जनसंख्या २ करोड ६४लाख ९४ हजार ५३४ मध्ये ५१.५३ प्रतिशत अथवा १ करोड ३६ लाख ४५ हजार ४६३ रहेका छन् । कूल महिला परिवारको मूली २५.७३ प्रतिशत रहेका छन् भने प्रति महिला पुरूषको अनुपात ९४.६ रहेको छ । यसै सन्दर्भमा एकल (विधवा) महिलाको सम्बन्धमा कुरा गर्दा उनीहरूको साक्षरता दर २५ प्रतिशत रहेको छ । ७७ प्रतिशत घरमा उनीहरू नै घरमूली रहेका छन् । ५४जिल्ला र २२५ गा.वि.स.मा एकल महिला समूह गठन भैसकेका छन् । ४० प्रतिशत एकल महिलाहरू २० वर्ष भन्दा तलका छन् । र ६७ प्रतिशत २० देखि ३५ वर्षका रहेका छन् भने २९ प्रतिशत अशिक्षित छन् भने १० प्रतिशत माओवादी द्वन्द्वका कारण विस्थापित भएका छन् ।

एकल महिलाहरू परिवार तथा समाजबाट बिभिन्न किसिमका हिंसाहरू सहन बाध्य छन् । उनीहरूप्रति समाजले समान अवसर तथा सम्मानजनक व्यवहार प्रदान गर्न नसक्नु, धर्मलाई आधार मानेर कानून तयार हुनु र ग्रामीण समाज उही रूढीवादी परम्परा र अन्धविश्वासमा नै जकडिएर रहन बाध्य हुनु, सामाजिक, आर्थिक तथा सांस्कृतिक अवस्था कमजोर रहनु, महिला निसन्तान वा विधवा वा गरीब भएमा बोक्सीको आरोप लाग्नु, ९० प्रतिशत महिलाहरू कृषिमा सहभागी हुनु, अनुत्पादनशील घरधन्धामा सारा समय बिताउनु महिलाहरू प्रतिका अवनतिका पाटाहरू हुन् । इतिहासदेखि सतीका रूपमा पुरूषको लाससंगै जल्नु पर्ने समस्याहरू हालको एक्काइसौं शताब्दीसम्म आइपुग्दा तथा पुनर्जागरणको प्रभाव र सन् ६० को दशकपछि भने केही परिवर्तित कानूनहरू जस्तै : विधवा महिलाको अंश सम्बन्धी हक, छुट्टै बस्न र पुनर्विवाह गर्न पाउने व्यवस्थाहरू भएता पनि महिलाहरू पुरूषको बोलाबाला स्वीकार्न बाध्य हुन्छन् साथै उनीहरूको यौनिकता गतिशिलता तथा सम्पत्तिमा पुरूषहरूकै नियन्त्रण रहेको पाइन्छ । छोराको चाहना श्रीमतीलाई अपवित्र र आमा तथा अविवाहित छोरीलाई पवित्र ठान्ने विधवा महिलाहरूलाई शुभकार्यमा संलग्न नगराइनु जस्ता किसिमका दोहोरो खालका चरीत्रले प्रश्रय पाउनु, महिलाहरूलाई तेश्रो दर्जाको रूपमा हेरिनु, शिक्षा, चेतनाको स्तरमा कमि महिला सशक्तिकरण हुन नसक्नुलाई पनि बाधाहरूको रूपमा लिन सकिन्छ । बैद्धिक काल तथा प्राचीन कालमा  अन्य कालको भन्दा महिलाहरूका लागि परिस्थिति उज्यालो भएता पनि उत्तर बैद्धिक कालमा श्रीमान् मरेपछि उनले दोश्रो विवाह गर्न नहुने र संधैभरी सेतो पोशाकमा रहनुपर्ने धारणा रहेको पाइन्छ । हिन्दू धर्ममा जस्तो बौद्ध धर्ममा लैङ्गिक बिभेद छैन बिधवा महिलाहरूमा केवल २ प्रतिशतले मात्र उच्च शिक्षा हांसिल गरेका छन् । नेपालको संविधानले पनि लैङ्गिक भेदभावलाई निशेध गरेको छ भने सुरक्षित मातृत्व तथा प्रजनन् स्वाश्थ्य र समावेशी अवसर प्रदान गरेको देखिन्छ । त्यस्तै महिला सशक्तिकरण सम्बन्धी हालसम्म आमाको नामबाट नागरिकता सम्पत्तिमा छोरीको अधिकार, सार्वजनिक सेवामा ३३ प्रतिशत आरक्षण लगायत जग्गा किनबेचमा २५ प्रतिशत छुटको व्यवस्था गरेको छ ।अध्ययन क्षेत्रका विधवा महिलाहरूको सामाजिक, आर्थिक र सांस्कृतिक अवस्था पत्ता लगाउने तथा विधवा हुनु अगाडि र भैसकेपछिको परिवार र समाजको अपेक्षा, दृष्टिकोण र व्यवहारको व्याख्या र विश्लेषण गर्ने कार्यलाई सम्पन्न गर्नका लागि तथ्याङ्क सङ्कलनमा प्रश्नावली तथा अन्तर्वार्ता विधिको प्रयोग गरिएको छ । यसरी समाजमा केही एकल महिलाहरूको अवस्था

खराव हुँदैमा सबैलाई सामान्यीकरण गर्न मिल्दैन । किनभने प्राप्त तथ्याङ्कलाई केलाएर हेर्दा केही एकल महिलाहरूको अवस्था बिधवा भैसकेपछि पनि सबल रहेको पाइयो ।

अध्ययन क्षेत्रमा रहेका विधवा महिलाहरूको संख्या जम्मा ५३ जना पाइयो भने जम्मा जनसंख्या २०८ जसमा पुरूषको संख्या ८४ तथा महिलाको १२४ जसमा १६ देखि ४६ वर्ष उमेर समूहका पुरूष ४६ र महिला ५४ तथा ० देखि ५ वर्ष उमेर समूहका १७ जना रहेको पाइयो । जातजातिगत अवस्थाको अध्ययन गर्दा ब्राह्मण २५ जना ४७.२० प्रतिशत, क्षेत्री १८ जना ३४ प्रतिशत, दलित ७ जना १३.२० प्रतिशत र जनजाति ३ जना ५.७० प्रतिशत रहेको पाइयो । उत्तरदाताहरूका श्रीमानहरू २८ जना ५२.८० प्रतिशत कालगतिले, ७ जना १३.२० प्रतिशत दमले ६ जना ११.३० प्रतिशत मुटुको रोगका कारण, ५ जना ९.४० प्रतिशत आत्महत्या, ४ जना ७.५० प्रतिशत दूर्घटना र ३ जना ५.७० प्रतिशत क्यान्सरका कारण मृत्यू भएको पाइयो । विधवा हुंदाको उमेर सम्बन्धमा अध्ययन गर्दा २१ देखि ३० वर्षमा विधवा हुने १ जना १.९० प्रतिशत, ३१ देखि ४० वर्षको उमेरमा विधवा हुने ११ जना २०.७५ प्रतिशत, ४१ देखि ५० वर्षको उमेरमा विधवा हुने २६ जना ४९.०६ प्रतिशत, र ५१ देखि ६० वर्षको उमेरमा विधवा हुनेहरू ९ जना १७ प्रतिशत अध्ययनको शिलशिलामा प्राप्त भए । शिक्षाको अवस्थाको सम्वन्धमा अध्ययन गर्दा बहूसंख्यक उत्तरदाताहरू जम्मा ४३ जना ८१.८३ प्रतिशत कत्ति पनि लेखपढ गर्न नसक्ने देखिए भने ७ जना १३.२१ प्रतिशत साधारण लेखपढ गर्न सक्ने, २ जना ३.७७ प्रतिशत र १ जना १.८९ प्रतिशत कक्षा १० सम्म अध्ययन गरेका भेटिए ।उत्तरदाताका श्रीमानहरूमा ७५.५३ प्रतिशत साक्षरता पाइयो भने २४.५३ प्रतिशत निरक्षरता दर पाइयो । उनीहरूका १३० जना छोराछोरीहरूमध्ये १० जना निरक्षर ४४ जना साधारण लेखपढ गर्न सक्ने, ७६ जना ५ कक्षा देखि स्नातक तहसम्म अध्ययन गरेको पाइयो । उत्तरदाताहरूमध्ये १३ जना २४.५३ प्रतिशत एकात्मक परिवारमा तथा ४० जना ७५.५३ प्रतिशत संयुक्त परिवारमा बसोवास गर्ने गरेको पाइयो । उत्तरदाताहरूको ३१ वटा घरको मूली छोरा रहेको पाइयो भने २२ उत्तरदाताहरूको मूली स्वयम् उत्तरदाताहरू नै रहेको पाइयो । ४० जना ७५.५३ उत्तरदाताहरूको श्वास्थ्यमा समस्या रहेको पाइयो भने १३ जना २४.४७ प्रतिशत उत्तरदाताहरूको निरोगी रहेको पाइयो । उत्तरदाताहरूमध्ये ११ जना उत्तरदाताहरू २०.७५ प्रतिशतले पुन बिवाह गर्नु ठीक हो, ३४ जना ६४.१५ प्रतिशतले ठीक होइन र ८ जना १५.०९ प्रतिशतले थाहा छैन भन्ने गरेको पाइयो । सामाजिक क्रियकलापमा संलग्न नहुने उत्तरदाताहरूमा २६ जना ४९

प्रतिशत, केही पनि जानकारी नभएकाहरूमा १६ जना र ११ जना कम संलग्न हुने गरेको पाइयो । जम्मा ९ जना उत्तरदाताहरूमध्ये आमा समूहमा ५ जना ५५.५६ प्रतिशत, सहकारी संस्थामा ३ जना ३३.३३ प्रतिशत र विद्यालय व्यवस्थापन समितिमा १ जना ११.११ प्रतिशत संलग्न रहेको पाइयो । समाजमा हुने गरेका महत्वपूर्ण निर्णयहरूमा ४ जना ७.५५ प्रतिशतले आफ्नो भूमिका महत्वपूर्ण हुने, ७ जना १३.२१ प्रतिशतले सामान्य रहने तथा ४२ जना ७९.२५ प्रतिशतले आफ्नो सक्रिय भूमिका नरहेको कुरा बताए । समाजमा विधवाहरूको सम्मानजनक अवसर सम्बन्धमा १८ जना ३३.९६ प्रतिशतले प्राप्त भएको, २७ जना ५३.९४ प्रतिशतले प्राप्त नभएको तथा ८ जना १५.१० प्रतिशतले आफूलाई थाहा नभएको कुरा व्यक्त गरे । त्यस्तै २८ जना ५२.८० प्रतिशतले विधवा हुनुलाई दुःख पाउन लेखेको, १ जना वा १.८८ प्रतिशतले खोटो कर्म, ८ जना १५.१० प्रतिशतले भाग्यको खेल, ४ जना ७..५३ प्रतिशतले स्वभाविक अवस्था भनी स्वीकार गरेको पाइयो ।

अध्ययनमा संलग्न उत्तरदाताहरूमध्ये ४३ जना ७५.४७ प्रतिशत कृषि पेशामा संलग्न, ८ जना ज्याला मजदुरी तथा २ जना ३.८० प्रतिशत व्यपार व्यवसायमा संलग्न भएको पाइयो । उत्तरदातााहरूमा २ रोपनी भन्दा कम जग्गा हुनेहरूमा ८ जना १५.१५ प्रतिशत, ३ देखि ५ रोपनी सम्म भएका २८ जना ५२.८० प्रतिशत र १० रोपनी भन्दामाथि हुनेहरू १० जना १८.९० प्रतिशत रहेको पाइयो । ६० वर्षभन्दा माथिका २२ जना उत्तरदाताहरूले मासिक रू. २००० का दरले ज्येष्ठ नागरिक भत्ता बुझ्ने गरेको, २६ जनाले मासिक रू. १००० का दरले सामाजिक सुरक्षा भत्ता लिने गरेको तथा १ जनाले सो भत्ता पाइनसकेको पाइयो । तिनीहरूमध्ये १५ जनाले केही रकमलाई गांउघरमा व्याजमा लगाएर काम चलाउने गरेको पाइयो । सामान्य मात्रामा आम्दानी गर्नेहरूमा १ जना १.९० प्रतिशत, मासिक २५ सय भन्दा कम आम्दानी गर्ने ३४ जना ६४.२० प्रतिशत, २५ सय देखी ४ हजारसम्म आम्दानी गर्ने १५ जना २८.३० प्रतिशत र ४ हजार भन्दा माथि आम्दानी गर्नेहरूमा ३ जना ५.६६ प्रतिशत उत्तरदाताहरू पाइयो । त्यस्तै प्रति महिना १५ सय भन्दा कम खर्च गर्ने सबैभन्दा बढी ३५ जना ६६ प्रतिशत, १५ सय देखी २५ सयसम्म खर्च गर्ने १५ जना २८.३० प्रतिशत र ३ जना ५.७० प्रतिशत उत्तरदाताहरू मासिक रू ३००० भन्दा बढी खर्च गर्ने पाइए ।  मासिक बचत गर्न नसक्ने १ जना १.९० प्रतिशत, १ हजारभन्दा कम बचत गर्ने ३० जना ५६.६० प्रतिशत, १ हजारदेखि माथि १५ सयसम्म बचत गर्ने १९ जना ३५.८० प्रतिशत र १५ सय भन्दा माथि बचत गर्नेहरूमा ३ जना ५.७० प्रतिशत

रहेको पाइयो । आफ्नो जग्गाबाट २ महिनासम्म खान पुग्ने १६ जना ३०.१९ प्रतिशत, ३ देखि ६ महिनासम्म पुग्ने १९ जना ३५.८५ प्रतिशत र १ वर्षसम्म खान पुग्नेहरूमा ९ जना १६.९८ प्रतिशत उत्तरदाताहरू भेटिए । आर्थिक समस्या पर्दा घरको सदस्यहरूबाट २५ जना ४७.२० प्रतिशत, समाजबाट ११ जना २०.८० प्रतिशत, छोरीबाट ८ जना १५.१० प्रतिशत र माइतीबाट ९ जना १७.०० प्रतिशत रहेको पाइयो ।

परम्परागत धारणा प्रति विश्वास गर्नेहरूमा ३६ जना ६७.९० प्रतिशत, विश्वास छैन भन्नेहरूमा १७ जना ३२.१० प्रतिशत रहेको पाइयो । ३२ जना ६०.४० प्रतिशत उत्तरदाताहरूले धार्मिक कार्यमा कमै मात्रमा सहभागी हुने गरेको तथा १८ जना ३४ प्रतिशतले धेरै सहभागिता जनाउने तथा ३ जना ५.६६ प्रतिशतले संलग्न नहुने गरेको बताए । ४ जना उत्तरदाताहरूले हिड्ने बेलामा विधवा महिलालाई देखेमा साइत पर्दैन भनी समाजले भन्ने गरेको, ५ जनाले अशक्त भएपछि बोक्सीको आरोप खेप्नु परेको र ७ जनाले परपुरूषसंग बोलेमा अरूहरूले कुरा काट्ने गरेको बताए । ६ जना ११.३० उत्तरदाताहरूले उमेर र वृद्धावस्थाका विधवा महिलाहरू बिच  समाजले फरक छुट्याउने, ५ जना ९.४० प्रतिशतले धनी र गरीब बिच फरक छुट्याउने ३ जना ५.७० प्रतिशतले माथिल्लो जात र तल्लो जातका विधवा महिलाका बिचमा फरक छुट्याउने गरेको पाइयो । त्यसैगरी २८ जना ५२.८० प्रतिशतले  महिलाबाट, १६ जना ३०.२० प्रतिशतले पुरूषबाट भेदभाव हुने गरेको बताए भने ९ जना १७ प्रतिशतले आफूहरूलाई थाहा नभएको कुरा बताए । उत्तरदाताहरूमध्ये २२ जना ४५.५३ प्रतिशतले बाबुको मृत्यूपछि छोराछोरीहरूको व्यवहारमा परिवर्तन आएको बताए भने ३१ जनाले उनीहरूको व्यवहारमा खासै परिवर्तन नआएको कुरा बताए ।

**५.२ निश्कर्ष**

सोलुखुम्बु जिल्ला नेचा बेतघारी गा.वि.स.वडा नं. २ र ३ का एकल (विधवा) महिलाहरूको सामाजिक आर्थिक तथा सांस्कृतिक अवस्था र संलग्नताको समाजशास्त्रीय अध्ययनबाट निम्न निष्कर्ष निकाल्न सकिन्छ ।

खास गरी नेपाल जस्ता विकासोन्मुख मुलुकहरूमा एकल महिलाहरूको अवस्था निक्कै दयनीय रहेको देखियो । जसको मुख्य कारणहरूमा सामाजिक, सांस्कृतिक अन्धविश्वास, रूढिवादी परम्परा, आर्थिक अवस्था, शैक्षिक स्थिति, सरकारी नीति आदि मुख्य

रहेका छन् । समाजमा एकल महिलाहरूलाई हेर्ने दृष्टिकोणमा खासै परिवर्तन भएको पाइएन । जस्तो की कुनै विधवा महिलाले रातो पहिरन, टिको, पोते, लगाएर हिडिन् भने समाजले अनेक किसिमको लान्छना लगाउन थाल्छन् । त्यत्ति मात्र नभई विधवा महिला कुनै पनि शुभ कार्यमा अगाडि देखिनु हुँदैन भन्ने मान्यता राखिएको हुन्छ । ऊ सधैं मृत्यु भएको पतिको नाममा खुम्चिएर बस्नुपर्छ भन्ने मान्यता राखिन्छ । यी सम्पूर्ण कार्यहरू सामाजिक, सांस्कृति मूल्य मान्यता तथा अन्ध विश्वासका कारणले भएका हुन् । यति मात्र नभई सरकारी नीति पनि एकल महिला (विधवा)को सुरक्षाका लागि खासै योगदान गर्ने किसिमका देखिदैनन् । यसको समाधानका लागि एकल महिलाको सामाजिक सुरक्षामा ध्यान दिँदै सरकारले नीति निर्माण गर्नुका साथै विद्यमान सामाजिक सोच र संरचनामा समयानुकुल परिवर्तन गर्नुपर्ने देखिन्छ ।

यस अध्ययनबाट अध्ययन क्षेत्रका उत्तरदाताहरूमध्ये शिक्षिकको तुलनामा अशिक्षित, सम्पन्नको तुलनामा बिपन्न, माथिल्लो जातको तुलनामा तल्लो जातका महिलाहरू बढि पीडित हुनु परेको देखिन्छ । त्यसै गरी हिन्दु धर्म मान्नेहरूको तुलनामा अन्य धर्म मान्ने एकल महिलाहरू तुलनात्मक रूपमा बढि स्वतन्त्र रहेको पाइयो । हिन्दु धर्म त्यसमाथि पनि ब्राह्मण समुदायको घरका एकल महिलाहरू अन्य जातका तुलनामा बढिनै संकीर्णतामा रहनु परेको पाइयो । जसको मुख्य कारणमा परम्परागत अध्धविश्वास तथा परम्परागत संस्कारको निरन्तरतालाई लिन सकिन्छ ।

त्यसै गरी परम्परागत कृषि पेशा अंगालेका एकल महिलाहरू अन्य व्यवसाय गर्नेहरूको तुलनामा आर्थिक रूपमा बिपन्न रहेको पाइयो । विधवा हुनुलाई स्वभाविक अवस्था मानिएको पनि पाइयो । जसबाट प्रष्ट हुन्छ, विधवाहरूको सोचमा पनि परिवर्तन आएको छ । विगतमा विधवा हुनुलाई आफ्नो भाग्यको दोष मानिने गरेको, अभागी, असामर्थ्य, तिरस्कृत, बहिष्कृत सम्झदै मनोबल हराउँदै गएको देखिन्थ्यो । तर यस अध्ययनबाट एकल महिलाहरूको मनोबल बढ्दै गएको परिवार, सन्तान र आफ्नो कर्तव्यको महशुस हुँदै गरेको र आत्मनिर्भरताको खोजीमा रहेको प्रष्ट हुन्छ ।

आर्थिक समस्याको समाधान गर्दा छोरी,माइती, समाज र घरका अन्य सदस्यहरूबाट सहयोग माग्नु र छोराछोरीहरूको पढाइलेखाइका लागि माइती आफन्त, छोरीज्वाइँ तथा संघसंस्थाहरूबाट सहयोग मागी समस्याको समाधान गर्ने गरेको पाइयो ।

यस अध्ययनबाट अध्ययन क्षेत्रका उत्तरदाताहरूमध्ये शिक्षिकको तुलनामा अशिक्षित, सम्पन्नको तुलनामा बिपन्न, माथिल्लो जातको तुलनामा तल्लो जातका महिलाहरू बढि पीडित हुनु परेको देखिन्छ । त्यसै गरी हिन्दु धर्म मान्नेहरूको तुलनामा अन्य धर्म मान्ने एकल महिलाहरू तुलनात्मक रूपमा बढि स्वतन्त्र रहेको पाइयो । हिन्दु धर्म त्यसमाथि पनि ब्राह्मण समुदायको घरका एकल महिलाहरू अन्य जातका तुलनामा बढिनै संकीर्णतामा रहनु परेको पाइयो । जसको मुख्य कारणमा परम्परागत अन्धविश्वास तथा परम्परागत संस्कारको निरन्तरतालाई लिन सकिन्छ ।

त्यसै गरी परम्परागत कृषि पेशा अंगालेका एकल महिलाहरू अन्य व्यवसाय गर्नेहरूको तुलनामा आर्थिक रूपमा बिपन्न रहेको पाइयो । विधवा हुनुलाई स्वभाविक अवस्था मानिएको पनि पाइयो । जसबाट प्रष्ट हुन्छ, विधवाहरूको सोचमा पनि परिवर्तन आएको छ । विगतमा विधवा हुनुलाई आफ्नो भाग्यको दोष मानिने गरेको, अभागी, असामर्थ्य, तिरस्कृत, बहिष्कृत सम्झदै मनोबल हराउँदै गएको देखिन्थ्यो । तर यस अध्ययनबाट एकल महिलाहरूको मनोबल बढ्दै गएको परिवार, सन्तान र आफ्नो कर्तव्यको महशुस हुँदै गरेको र आत्मनिर्भरताको खोजीमा रहेको प्रष्ट हुन्छ ।

आर्थिक समस्याको समाधान गर्दा छोरी,माइती, समाज र घरका अन्य सदस्यहरूबाट सहयोग माग्नु र छोराछोरीहरूको पढाइलेखाइका लागि माइती आफन्त, छोरीज्वाइँ तथा संघसंस्थाहरूबाट सहयोग मागी समस्याको समाधान गर्ने गरेको पाइयो ।

रातो लुगा र श्रृङ्गारको सम्बन्धमा भने प्रायः जसो युवा र प्रौढ अवस्थाका विधवा महिलाहरूले लगाउने गरेको र नलगाएकाहरूले पनि सकारात्मक सोच राखेको र खान तथा हिडडुल गर्न स्वतन्त्र भएर बाँचेको बताए भने वृद्ध अवस्थाका विधवा महिलाहरूले सोको प्रयोग गर्ने चाहना नरहेको बताए ।

श्रीमान्को मृत्यु पछि आफूलाई नितान्त भिन्न र एउटा जिम्मेवार परिवेशमा रहेको महशुस गरेको पाइयो । यस अध्ययनमा संलग्न विधवा महिलाहरूको शैक्षिक अवस्था र सामाजिक गतिविधिमा उनीहरूको संलग्नतालाई सकारात्मक रूपमा लिन सकिन्छ । सामान्यतया शिक्षित महिलाहरू नै सामाजिक गतिविधिमा संलग्न हुने गरेको पाइन्छ ।

**सन्दर्भ सूचीहरू (नेपाली)**


अधिकारी, विनिता (२०६५), *विधवा महिलाको सामाजिक आर्थिक अवस्था र पारिवारिक सम्बन्ध,* समाजशास्त्र/मानवशास्त्र विषयको स्नातकोत्तर उपाधिको आंशिक आवश्यकता परिपूर्तिको निमित्त तयार पारिएको शोध पत्र, समाजशास्त्र/ मानवशास्त्र केन्द्रिय विभाग त्रि.वि. कीर्तिपुर ।

अर्याल, भोजेन्द्र (२०५९), *लैङ्गिक अध्ययन,* समाजशास्त्र प्रकाशन, काठमाडौं ।

अस्तित्व, (अर्धवार्षिक पत्रिका).(२०६७)*, बैकल्या तथा बाल विधवा र नेपालमा तिनको अवस्था,* पृष्ठ ९ काठमाडौं : मानव अधिकारका लागि महिला एकल महिला समूह ।

आचार्य, बलराम, (२०६१), *सामाजिक विश्लेषणको सैद्धान्तिक ढाँचा,* काठमाडौंः विद्यार्थी पुस्तक प्रकाशन ।

आचार्य मीना (२०५५), *पैत्रिक सम्पत्तिमा महिलाको समान अधिकार,*

ओझा, घननाथ (२०५६)*, नेपालमा महिला,* काठमाडौं ।

कँडेल, देवीप्रसाद, (२०६४), *नेपालको इतिहासमा एकल महिलाको अवस्था,* सिद्धबाबा अफसेटप्रेस, हाकिमचोक, चितवन ।

के.सी., बिटु (२०५५), *नेपालमा महिलाको सम्पत्तिमाथि अधिकार,* एक अध्ययन अप्रकाशित शोध पत्र, त्रि.वि. कीर्तिपुर ।

के.सी., सुरेन्द्र (२०५५), *प्राचीन र मध्यकालिन नेपाल,* काठमाडौंः पैरवी प्रकाशन ।

गोरखापत्र, दैनिकी (२०६६/०४/२०), *नेपालका एकल महिलाको स्थिति ।*

चर्तुवेदी, पण्डित ज्वालाप्रसाद (१९९६), *मनुस्मृति,* रणधिर प्रकाशन हरिद्वार ।

चौँलागाई, तिलकप्रसाद, पोखरेल, नानीराम, सापकोटा, केशवराज (२०६०), *लैङ्गिक अध्ययन,*

थापा, लिली (२०६२), *एकल महिलासँगको सहयात्राको अनुभूति,* काठमाडौं : किरोजमानसिं बस्न्यात ।

थापा, लिली (२०५९), *विधवाको वास्तविकता,* मानव अधिकारका लागि महिला, एकल महिला समूह, पाक्षिक नेपाल, काठमाडौं ।

*नेपालको संविधान* (२०७२), कानुन किताब व्यवस्था समिति, काठमाडौं ।

पोखरेल, नानीराम र अन्य (२०६०), *लैङ्गिक अध्ययन,* काठमाडौं : न्यू हिरा बुक्स इन्टरप्राइजेज ।

प्रश्रित, मोदनाथ (२०६३), *नारी बन्धन र मुक्ति,* एसिया पब्लिकेशन्स प्रा.लि., काठमाडौं ।

भट्टराई, ज्ञानेश्वर (२०६९/०७०), *वृहत ज्ञानकोष,* आशिष पुस्तक भण्डार, बागबजार काठमाडौं ।

महर्जन, सजना (२०६६/४/२०), *नेपालमा एकल महिलासँग सम्बन्धित मुद्दाहरू,* मानव अधिकारका लागि एकल, महिला समूह ।

मुलुकी ऐन (२०२०), एघारौं संशोधन, कानुन किताब व्यवस्था समिति, काठमाडौं ।

श्रेष्ठ, ज्ञाइन्द्र बहादुर (२०५५), *हिन्दु विधि शास्त्र र नेपालको कानुनी व्यवस्था,* पैरवी प्रकाशन, काठमाडौं ।

समाजशास्त्र/मानवशास्त्र विषयको स्नातकोत्तर उपाधिको आंशिक आवश्यकता परिपूर्तिको निमित्त तयार पारिएको शोध पत्र, समाजशास्त्र/मानवशास्त्र केन्द्रिय विभाग त्रि.वि. कीर्तिपुर

समाजशास्त्रीय विश्लेषण, काठमाडौः न्यू हिरा बुक्स इन्टरप्राइजेज ।

राष्ट्रिय जनगणना, (२०६८).

रिजाल, सुशिलकुमार (२०६०), *विधवा महिलाको सामाजिक स्थिति,* समाजशास्त्र/ मानवशास्त्र विषयको स्नातकोत्तर उपाधिको आंशिक आवश्यकता परिपूर्तिको निमित्त तयार पारिएको शोध पत्र, पाटन संयुक्त क्याम्पस, ललितपुर।

**English**

Bennet, Lynn (1983). *Dangerous Wives and Sacred Sister,* Social and Symbolic Roles of High Casts Women in Nepal, Columbia Universty Press, Newyork.

Bhasin, Kamala (1993). *What is Patriarchy*, Kali for Women, New Delhi.

Singh & Shrestha N (2006). *A Socio-Cultural Status of Single Women in Nepal*, Hamro Sansar A world of our own issue No.5 Page 60.

Women for Human Rights, Single Women Group (WHR) (2010). *A Journy Toweds Empowerment and the Populat*

## अनुसूची-१

## प्रश्नावली सूची

एकल (विधवा) महिलाहरूको लागि सोधिएका प्रश्नावली नमूनाहरू

(कृपया आफ्नो व्यहोरामा ठीक चिन्ह लगाउनु होला ।

यो प्रश्नावली विधवा महिलाहरूको सामाजिक आर्थिक तथा सांस्कृतिक पक्षहरूसँग सम्बन्धित शोध पत्रको लागि तयार पारिएकाले उनीहरूको विभिन्न पक्षका बारेमा प्रष्ट पार्ने आधिकारिक दस्तावेज भएको हुनाले आफूले जानेको सही व्यहोरा भरिदिनु हुन अनुरोध छ ।

व्यक्तिगत विवरण

नाम: ठेगाना:

उमेर: धर्म:

शिक्षा: (१) शिक्षित (२) साक्षर (३) निरक्षर

पेशा: जातजाति

**पारिवारिक विवरण**

| सि.नं. | उमेर समूह | पुरूष | | महिला | | जम्मा | |
|---|---|---|---|---|---|---|---|
| | | शिक्षित | अशिक्षित | शिक्षित | अशिक्षित | शिक्षित | अशिक्षित |
| १ | ०-५ | | | | | | |
| २ | ६-१५ | | | | | | |
| ३ | १६-४५ | | | | | | |
| ४ | ४६-६० | | | | | | |
| ५ | ६०+ | | | | | | |

Formatted Table

**१. सामाजिक पक्ष:**

१.१. जातजाति .............

१.२. शिक्षा ....................

१.३. पेशा ..................

१.४. धर्म ..............

१.५. परिवारको प्रकृति (एकल/संयुक्त)

१.६. परिवारको सदस्य संख्या .................

१.७. घरको मुख्य व्यक्ति ........................

१.८. स्वास्थ्य स्थिति कस्तो छ? (क) राम्रो (ख) नराम्रो

१.९. विधवाले पुनर्बिबाह गर्नु हुन्छ कि हुँदैन? (क) हुन्छ । (ख) हुदैन ।

१.१०. विधवालाई समाजले हेर्ने दृष्टिकोण कस्तो रहेको छ? (क) राम्रो (ख) नराम्रो

१.११. समाजबाट हुने महत्वपूर्ण निर्णयमा तपाईको भूमिका कस्तो हुन्छ?

(क) महत्वपूर्ण ख) सामान्य ग) हुँदैन

१.१२. समाजमा एकल महिलाहरूलाई अगाडि बढ्नबाट रोकिए जस्तो लाग्छ कि लाग्दैन?

क) लाग्छ ख) लाग्दैन ग) थाहा छैन

१.१३. विधवा हुँदाको उमेर कति थियो? तपाईको ................ श्रीमानको .....................।

१.१४. श्रीमानको मृत्युको कारण के हो? ....................................

१.१५. तपाईले आफ्नो अवस्था प्रति अनुभव गर्नु भएको छ?

क) भाग्यले गर्दा ख) खोटो कर्म ग) दुःख पाउन लेखेको

घ) स्वभाविक घटना

**२. आर्थिक पक्ष**

२.१. मुख्य पेशा ..........................

२.२. जग्गा जमिन छ /छैन छ भने रोपनीमा ...........................

२.३. सहायक पेशा ................................

२.४. आम्दानीका अन्य स्रोतहरू .........................

२.५. आम्दानी ..............................

२.६. खर्च ..................................

२.७. बचत ................................

२.८. प्रति महिना आम्दानी ..............................

क) २५ सय भन्दा कम ख) २५ सय देखि ४ हजार ग) ४ हजार भन्दा माथि

२.९. आफ्नो जग्गाबाट कति समय खान पुग्छ?

क) २ महिनासम्म ख) ६ महिनासम्म ग) ९ महिनासम्म घ) १ वर्षसम्म

२.१०. आर्थिक समस्या पर्दा कोबाट सहयोग पाउनुहुन्छ?

क) घरको सदस्यबाट ख) माइतबाट ग) समाजबाट घ) छोरीबाट

२.११. आफ्नो आर्थिक स्तरलाई कसरी मूल्यांकन गर्नु हुन्छ?

क) सम्पन्न ख) मध्यम ग) गरिब

२.१२. कुनै संघसंस्थाले सहयोग गरेको छ? छ/छैन

छ भने कुन संस्थाबाट? ..........................

**३. सांस्कृतिक पक्ष**

३.१. परम्परागत संस्कारप्रति विश्वास छ कि छैन?

क) छ ख) छैन

३.२. तपाईको धर्म संस्कृतिले एकल जीवनलाई कस्तो व्यवहार गरेजस्तो लाग्छ?

क) सम्मानजनक ख) अपमानजनक ग) थाहा छैन

३.३. धार्मिक तथा सांस्कृतिक कार्यमा कत्तिको संलग्न हुनुहुन्छ?

क) हुन्छु ख) हुन्न

३.४. एकल महिलालाई अशुभ सम्झने, साइत बिग्रन्छ, बोक्सीको आरोप लगाइन्छ भन्ने बारेमा तपाईको धारणा के छ? .......................................

३.५. रातो कपडा तथा श्रृङ्गारका सामग्री प्रयोग गर्नु पर्छ कि पर्दैन?

क) पर्छ/हुन्छ ख) पर्दैन

३.६. विधवा भए पछि आएको परिवर्तन ...................

३.७. विधवा भनेर हेला गर्ने चलन पुरूष वा महिलाबाट कोबाट बढि हुन्छ?

क) पुरूष ख) महिला

३.८. विधवालाई प्रचलित संस्कारले हेर्ने दृष्टिकोण कस्तो पाउनु भएको छ?

क) सकारात्मक ख) नकारात्मक ग) थाहा छै

अनुसूची-२

अध्ययन क्षेत्रको नक्शा

